जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक ११९ • २०८३ साल भाद्र ३१ गते बुधबार (16 September, Wednesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेश प्रदेश सरकार संकटमा, मुख्यमन्त्रीमाथि गम्भीर आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । मुख्यमन्त्री कृष्णप्रसाद यादव नेतृत्वको सरकार संकटमा पर्ने भएको छ । मधेश प्रदेश सरकारबाट नेकपा एमाले र नेपाल कम्युनिष्ट पार्टी(नेकपा) फिर्ता हुने भएपछि संकटमा पर्ने भएको छ ।

मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सरकार गठन गर्नु अघि गरेको १५ बुँदे सहमति कार्यान्वयनमा बेवास्ता गरेकोलगायतका विभिन्न आरोप लगाउँदै सरकारबाट बाहिरिने चेतावनीसमेत नेकपाका संसदीय दलका नेतासमेत रहेका अर्थमन्त्री युवराज भट्टराईले दिएपछि सरकार संकटमा परेको स्रोतको दाबी छ ।

विगतमा मुख्यमन्त्री यादवले गरेको १५ बुँदे सहमति कार्यान्वयनमा अनाकानी गरेको, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखले नै मुख्यमन्त्रीको अगाडि नै उनीमाथि असुलीको आरोप लगाए पनि खण्डन गर्न नसक्नु, असुली गर्न नछाडेको र मन्त्रालय घटाउने कार्यमा असहयोग गरेको जस्ता आरोप नेकपा एमालेका संसदीय दलका नेता सरोजकुमार यादवले लगाएका छन् ।

मुख्यमन्त्री यादवको सहमति अनुसार नै अर्थमन्त्री भट्टराईले लेखा अधिकृतको सरुवा गरे पनि सरुवा भएका कर्मचारीसंग समेत असुली रहेको उनले बताए ।

मुख्यमन्त्री यादवमाथि लागेको आरोपको तत्काल जवाफ दिनुपर्ने, १५ बुँदे सहमति कार्यान्वयन गर्नुपर्ने र मन्त्रालयसमेत घटाउन तयार नभए प्रदेश सरकारबाट समर्थन फिर्ता लिने एमाले-नेकपाले चेतावनी दिएको बताइन्छ । यता मुख्यमन्त्री यादव बुधबार जनकपुरधाम आउने छन् । उनीसंग छलफल गरेपश्चात प्रदेश सरकारबाट फिर्ता समेत लिनसक्ने सम्भावना प्रबल छ ।

### नक्कली भारु कारोबार आरोपमा तीनजना पक्राउ

# पति र सहयोगी पक्राउपछि पत्नी पनि भारतीय प्रहरीको फन्दामा

**टुडे समाचारदाता**

जनकपुरधाम । चाडपर्व नजिकिँदै जाँदा नक्कली रुपैयाँको बिगबिगी बढेको छ । विगतमा मधेश प्रदेशको सर्लाही, रौतहटलगायतका जिल्लाबाट नक्कली रुपैयाँको कारोबार हुँदै आए पनि यसपटक भने धनुषाको खुला सीमा नाकाबाट नक्कली भारतीय रुपैयाँको नोटको कारोबार हुने गरेको पाइएको छ । तर चाडपर्व अघिदेखि नै प्रहरीको सक्रियताका कारण सीमावर्ती क्षेत्र अवस्थित भारततर्फ नै एकै परिवारका दुई जनासहित तीनजनालाई भारतीय प्रहरीले पक्राउ गरेको छ ।



नक्कली भारतीय मुद्रा (भारु) कारोबारमा संलग्न रहेको आरोपमा धनुषाकी हिरादेवी महासेठ 'चाची'लाई भारतीय प्रहरीले नियन्त्रणमा लिएको छ । नेपाल-भारत खुला सीमाबाट धनुषाको बिदेह गाउँपालिका वडा नम्बर १ मा पर्ने दुहबी दशगजा क्षेत्रबाट सोमबार राति करिब पौने १२ बजे उनलाई भारतीय सुरक्षा निकायले पक्राउ गरेको छ ।

धनुषा प्रहरीका प्रवक्ता डीएसपी ओमप्रकाश खनालले दशगजा क्षेत्रबाट एक नेपाली महिलालाई भारतीय प्रहरीले नियन्त्रणमा लिएको पुष्टि गरेका छन् । आरोपितहरुलाई दशगजाबाट पक्राउ परेको जानकारी भए पनि औपचारिक रुपमा भने जिल्ला प्रहरी कार्यालय धनुषालाई जानकारी नभएसमेत उनले प्रस्ट्याए । उनलाई धनुषाको बिदेह नगरपालिका-दुहवी निवासी हिरादेवी महासेठलाई भारतीय प्रहरीले पक्राउ गरी नियन्त्रणमा लिएको छ ।

हिरादेवीका पति भरत महासेठ यस अघि नै भारतको बिहारमा नक्कली भारतीय रुपैयाँसहित पक्राउ परिसकेका छन् । भारतीय अनुसन्धान अधिकारीहरूले भरतसँग जोडिएको नक्कली नोट कारोबारको 'नेक्सस'कै आधारमा हिरादेवीमाथि पनि अनुसन्धान अघि बढाइएको बताएका छन् ।

करिब एक महिना अघि भारत बिहारको मधुवनी जिल्लास्थित बासोपट्टी थाना क्षेत्रको दुहबी बजारमा विशेष कार्यदल (एसटीएफ) र सशस्त्र सीमा बल (एसएसबी)को संयुक्त टोलीले नक्कली भारतीय नोट कारोबार भइरहेको सूचनाका आधारमा छापा मारेको थियो ।

सो क्रममा धनुषाको बिदेह नगरपालिकाका भरत महासेठ र उनका सहयोगी शिवकुमार राउत पक्राउ परेका थिए । उनीहरूको साथबाट ५० हजार भारतीय रुपैयाँ बराबरका नक्कली नोट बरामद भएको भारतीय प्रहरीले दाबी गरेको छ । बरामद नोट ५०० दरका रहेको बताइएको छ ।

भारतीय प्रहरीले जनाए अनुसार आरोपित महासेठ र राउत लामो समयदेखि सीमापार अवैध कारोबारमा संलग्न रहेको सूचना प्राप्त भएको थियो । पक्राउपछि उनीहरूसँग सोधपुछ गर्नुका साथै कारोबारको स्रोत, गन्तव्य र संलग्न अन्य व्यक्तिबारे अनुसन्धान भइरहेको छ ।

जयनगरका डीएसपी सदानन्द कुमारले पक्राउ परेका व्यक्तिहरूसँग विभिन्न कोणबाट सोधपुछ भइरहेको र उनीहरूसँग जोडिएको सञ्जालबारे अध्ययन भइरहेको बताए । भारतीय प्रहरीले उनीहरूको मोबाइल फोन, सम्पर्क सूत्र तथा बैंकिङ कारोबारसम्बन्धी कागजातसमेत परीक्षण गरिरहेको बताइएको छ ।

भारतीय अनुसन्धान अधिकारीहरूले हिरादेवीको परिवारलाई सीमापार अवैध कारोबारको सञ्जालसँग जोडेर अनुसन्धान थालेका छन् । भारतीय प्रहरीले जनाए अनुसार हिरादेवी भारतबाट अवैध रूपमा भित्र्याइने सामान कहाँ र कसरी पुऱ्याउने भन्ने व्यवस्थापनमा संलग्न रहेको आशंका छ भने भरतले भारतबाट सामान खरिद गर्ने गरेको बताइन्छ ।

भारतीय प्रहरीले जनाए अनुसार आरोपित महासेठ परिवारले यस अघि किराना तथा अन्य उपभोग्य वस्तुको सीमापार ओसारपसार गर्दै आएको थियो । काजु, चिनी, रजनीगन्धा, मरिच, सुपारी, मदिरालगायतका सामानको अवैध ओसारपसारमा उनीहरूको संलग्नताबारे समेत अनुसन्धान भइरहेको छ ।

आरोपित हिरादेवीका छोरा राजीव महासेठमाथि पनि सीमापार तस्करीसँग सम्बन्धित आरोप लाग्दै आएको बताइन्छ । मधेश प्रदेशको धनुषा, महोत्तरी र सिरहाका विभिन्न खुला सीमा नाकाबाट निर्वाध रूपमा तस्करीका सामान ओसारपसार गर्न प्रहरीका उच्च अधिकारीसँग ' लाइन मिलाउने' गरेको आरोपसमेत उनीहरुमाथि लगाइएको छ । अहिलेसम्म राजीव भने पक्राउ नपरेको भारतीय प्रहरीले दाबी गरेको छ ।

मधेश प्रदेशको राजधानी जनकपुरधामलाई केन्द्र बनाएर लामो समयदेखि खुला सीमानाकाको फाइदा उठाउँदै विभिन्न वस्तुको तस्करी हुने गरेको आरोप लाग्दै आएको छ । धनुषा प्रहरीले पटक-पटक तस्करीका सामान बरामद गरे पनि मुख्य कारोबारी र उनीहरूको सञ्जालसम्म पुग्न नसकेको भन्दै आलोचना हुँदै आएको छ ।

यसै क्रममा भारतीय प्रहरीले एकै परिवारका सहयोगीसहित दुई सदस्यलाई सीमापार अवैध कारोबार र नक्कली नोटको आरोपमा अनुसन्धानको दायरामा ल्याएपछि नेपालतर्फको सुरक्षा संयन्त्रमाथि पनि प्रश्न उठेको छ ।

स्थानीय एक व्यवसायीले लामो समयदेखि सीमावर्ती क्षेत्रमा सक्रिय तस्करीको सञ्जालबारे सुरक्षा निकाय जानकार हुँदाहुँदै पनि मुख्य व्यक्तिमाथि प्रभावकारी अनुसन्धान र कारबाही हुन नसकेको गुनासो गर्दै आएका छन् । भारतीय पक्षबाट भइरहेको पछिल्लो अनुसन्धानले सीमापार अपराधमा संलग्न भनिएका व्यक्तिहरूको सञ्जाल र नेपालतर्फको सम्भावित सम्पर्कबारे समेत थप तथ्य बाहिर ल्याउन सक्ने सम्भावनासमेत रहेको उनको भनाइ छ ।

नक्कली भारतीय रुपैयाँ र नेपाली रुपैयाँको नोटको समेत कारोबार लामो समयदेखि हुँदै आएको छ । नेपालमा पनि सर्लाही सीमा नाकाबाट नक्कली रुपैयाँको भारतीय कारोबारीहरुलाई केही महिना अघि पक्राउ गरिएको थियो ।

तर लामो समयपछि धनुषाको खुला सीमा नाकाबाट नक्कली भारतीय नोटको कारोबार गरिरहेको पाइएपछि नक्कली नोटको कारोबारीहरुको संजाल फैलिने क्रम रहेको देखिन्छ ।

# कृष्णभीरमा नयाँ ट्र्याक बिहीबारदेखि दुईतर्फी यातायात सञ्चालन

**टुडे समाचारदाता**

जनकपुरधाम । भोटेकोशी बाढीका कारण अवरुद्ध पृथ्वी राजमार्ग अन्तर्गत नागढुंगा-नौबिसे-मुग्लिन सडकखण्डको कृष्णभीरमा नयाँ ट्र्याक खोल्ने काम सम्पन्न भएको छ । नयाँ ट्र्याक निर्माणसँगै भदौ २८ गतेदेखि परीक्षणका रूपमा केही सवारीसाधन सञ्चालनमा ल्याइएको छ भने आगामी असोज १ गते अर्थात बिहीबारदेखि उक्त सडकखण्डमा दुईतर्फी यातायात नियमित रूपमा सञ्चालन गरिने भएको छ । सडक अवरुद्ध भएपछि लामो दुरीका रात्रिकालीन सवारीसधान भोटेकोशीमा बाढी आएदेखि नै आवागमन बन्द छ । सो राजमार्ग सुचारु भएसंगै जनकपुरधाम क्षेत्रबाट समेत सञ्चालन हुने रात्रिकाली बस सेवा पुनः शुरु हुने भएको छ ।



प्रधानमन्त्री बालेन्द्र साहले भदौ १७ गते संघीय संसद्मा सम्बोधन गर्दै भोटेकोशी बाढीबाट क्षतिग्रस्त कृष्णभीर सडकखण्ड भदौभित्रै सञ्चालनमा ल्याउने बताएका छन् । सोही अनुसार पूर्वाधार विकास मन्त्रालयले सडक विभाग तथा नेपाल जियोटेक्निकल सोसाइटी (एनजीएस) को सहयोगमा प्राविधिक अध्ययन गरी नयाँ ट्र्याक निर्माणको काम अघि बढाएको छ ।

सडक विभागका सिनियर डिभिजनल इन्जिनियर तथा नागढुंगा-नौबिसे-मुग्लिन सडकखण्ड आयोजनाका संयोजक सुरेश पौडेलले जनाए अनुसार बाढीका कारण कृष्णभीर क्षेत्रमा सडकमा ठूलो क्षति पुगेपछि मन्त्रालयले तत्काल आवश्यक प्राविधिक अध्ययन गरेको थियो । चार दिनसम्म गरिएको स्थलगत अध्ययनपछि विज्ञहरूले कृष्णभीरको पहाड काटेर करिब २५० मिटर लामो नयाँ ट्र्याक निर्माण गर्ने विकल्पलाई प्राथमिकतामा राखेका थिए ।

विज्ञहरूले दिएको सुझाव अनुसार विभागले भदौ १९ गतेदेखि रुख कटान गरी ट्र्याक निर्माणको काम शुरु गरेको थियो । कृष्णभीर क्षेत्रमा पहाडको करिब ३५ मिटर उचाइ काट्नुका साथै पहाडभित्रतर्फ करिब २० मिटर खनेर नयाँ ट्र्याक निर्माण गरिएको पौडेलले बताएका छन् ।

उनले जनाए अनुसार ट्र्याक निर्माणमा प्राविधिकसहित करिब ५० जना जनशक्ति परिचालन गरिएको थियो । उनीहरूले दैनिक १२ देखि १६ घण्टासम्म निरन्तर काम गरेका थिए । काम शुरु भएको १०औँ दिनमै अर्थात भदौ २८ गतेदेखि ग्यास बुलेटसहित केही सवारीसाधनलाई परीक्षणका रूपमा सञ्चालन गर्न सकिएको छ । हाल बिहान र बेलुकाको समयमा अत्यावश्यक सवारीसाधनलाई आवतजावत गर्न दिइँदै आएको छ ।

नयाँ ट्र्याक निर्माण सम्पन्न भए पनि सडकलाई पूर्ण रूपमा सञ्चालनयोग्य बनाउन ग्राभेल बिछ्याउने, नाली निर्माण गर्ने तथा सडकको संरचनालाई थप मजबुत बनाउने काम जारी छ । बुधबारसम्ममा ग्राभेलको काम पूरा गरी बिहीबार बिहानदेखि दुईतर्फी यातायात सञ्चालन गर्ने तयारी रहेको पौडेलले बताए ।

नयाँ ट्र्याक सञ्चालनमा आएपछि पहाडबाट पहिरो तथा हिलो-लेदो खसेर पुनः यातायात अवरुद्ध हुन सक्ने जोखिमलाई समेत ध्यान दिइएको छ । पहिरो खसेमा तत्काल हटाउन आवश्यक उपकरण तयारी अवस्थामा राखिएको विभागले जनाएको छ । पानीसहितको लेदो आएर ग्राभेलमा क्षति पुऱ्याउन सक्ने सम्भावनालाई ध्यानमा राखी थप ग्राभेल सामग्रीसमेत मौज्दात राखिएको छ ।


त्यसैगरी, पहाडभित्रबाट पानी सिपेज भएर सडकमा आउने जोखिम कम गर्न 'सर्फेस ड्रेनेज'को व्यवस्था गरिएको छ । माटोभित्रबाट आउने पानी सडकको संरचनामा प्रवेश गर्नुअघि उचित निकासमार्फत नालीमा पठाउने व्यवस्था मिलाइएको विभागले जनाएको छ ।

कृष्णभीरको माथिल्लो भागमा रहेको पहाडमा केही चिरासमेत देखिएकाले ती चिराबाट पानी पस्न नदिन आवश्यक तयारी भइरहेको छ । उपलब्ध प्रविधि तथा रासायनिक पदार्थ प्रयोग गरी चिरा सिल गर्ने र प्लास्टिकले छोपेर पानी प्रवेश गर्न नदिने उपाय अपनाइने विभागको भनाइ छ ।

कृष्णभीरको जोखिमलाई मध्यनजर गर्दै सडकको वैकल्पिक मार्गका रूपमा बेनीघाटदेखि फिस्लिङसम्मको करिब २० किलोमिटर खण्डमा ट्र्याक खोल्ने कामसमेत अघि बढाइएको छ । उक्त मार्गलाई आवश्यकताअनुसार यात्रुवाहक सवारीसाधन सञ्चालन गर्न सकिने गरी तयारी गरिएको छ ।

नयाँ ट्र्याकमा रातिको समयमा यात्रा सुरक्षित बनाउन सडक विभागले स्थानीय तहसँग समन्वय गरी बत्तीको व्यवस्था गर्ने तयारी गरेको छ । सडकमा टल्किने स्टिकरलगायत ट्राफिक सुरक्षा सामग्री राखिनेछन् । निर्माणका क्रममा हाल बिहान करिब ६ देखि ७ बजेसम्म र बेलुका ६ देखि ७ बजेसम्म सवारीसाधनलाई आवतजावत गर्न दिइँदै आएको छ । अत्यावश्यक अवस्थामा निर्माण कार्य रोक्दै सवारीसाधनलाई पास गराउने व्यवस्था गरिएको छ भने रातिको समयमा सडक पूर्ण रूपमा बन्द गरिएको छ ।

भदौ १० गते भोटेकोशीमा आएको बाढीले कृष्णभीरको सुरक्षा पर्खालमा क्षति पुऱ्याएको थियो । त्यसपछि भदौ १४ गते आएको अर्को बाढीले उक्त पर्खाल भत्काएपछि सडकखण्डमा यातायात सेवा पूर्ण रूपमा अवरुद्ध भएको थियो। बाढीबाट क्षतिग्रस्त सडकलाई तत्काल सञ्चालनमा ल्याउन पहाड काटेर नयाँ ट्र्याक निर्माण गरिएको छ ।



# उल्लासविहीन तीज



काठमाण्डु । सामूहिक नाचगान, भेटघाट र उल्लासका साथ मनाउने हरितालिका तीज पर्व यो वर्ष फरक देखियो । यसपटकको तीजमा विगतमा जस्तो तामझाम र चहलपहल देखिएन । रसुवाको भोटेकोशीमा गएको बाढीको त्रासदी र त्यसबाट प्रभावित परिवारको पीडाले तीजको उल्लासमा असर परेको हो ।

तीजका दिन चोक, टोलदेखि पार्टी प्यालेससम्म नाचगान र रमझमले भरिने काठमाडौँका विभिन्न स्थान सोमबार भने तुलनात्मक रूपमा सुनसान देखिए । विपद्मा आफन्त तथा छिमेकी गुमाएको पीडाबीच तीज उल्लासमय बनाउन धेरैलाई सहज भएन । शत्त मुलकी गीता अधिकारीले विगतमा जस्तो खुलेर तीज मनाउन नसकेको बताउनुभयो । भोटेकोशी बाढीमा परी छिमेकीको आमाबुबा बेपत्ता भएका हुँदा तामझामका साथ तीज मनाउन नसकिएको उहाँले सुनाउनुभयो ।

"पहिलापहिला तीजका दिन चोकमा म्युजिक बजाएर दिनभरी नाचिन्थ्यो", अधिकारीले भन्नुभयो, "अहिले त्यस्तो समय छैन । छिमेकी दुःखमा परेका छन्, कसरी गीत बजाएर नाच्न सकिन्छ र ?"

विशेषगरी बाढी तथा पहिरोबाट परिवारका सदस्य गुमाएका र बेपत्ता भएका परिवारमा तीजको उल्लासभन्दा आफन्तको सम्झना र खोजी प्रमुख बनेको छ । घर तथा खेतीयोग्य जमिन गुमाएका परिवारलाई आगामी दिनको जीविकोपार्जनको चिन्ताले सताएको छ ।

तीजका अवसरमा माइती जाने, आफन्त तथा साथीभाइसँग भेटघाट गर्ने र दर खाने परम्परा रहे पनि विपद्का कारण धेरै महिलाको यस वर्षको तीज घरमै सीमित भयो । बाढीले सडक तथा यातायातका संरचनामा क्षति पुऱ्याएका कारण कतिपय ठाउँमा आवतजावतसमेत सहज हुन सकेन ।

'सबाना फिट्नेस'का सञ्चालक सबाना खातुनले हरेक वर्ष मनाउँदै आएको दर कार्यक्रम यस वर्ष नगरेको बताउनुभयो । उहाँले उक्त कार्यक्रममा लाग्ने खर्च प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरेको बताउनुभयो । समाजमा सबै खुसी भएमात्रै पर्वको रौनक हुने हुँदा यतिबेला बाढी प्रभावित परिवारलाई सानो सहयोगले ठूलो राहत हुने खातुनको भनाइ छ ।

"हरेक वर्ष तीजमा दिदीबहिनी जम्मा भएर दर खान्थ्यौँ, नाचगान गर्थ्यौं । यसपालि कसैलाई भेट्ने परिस्थिति नै छैन", उहाँले भन्नुभयो, "हामीले गरेको सानो सहयोग कसैको दुःखमा मल्हम हुन सक्छ । त्यसैले नाचगान छोडेर सहयोगमा जुटेका छौँ ।"

राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालका उपाध्यक्ष एव गायक रमेशराज भट्टराईले तीज पर्व मात्रै होइन, यस वर्ष अरु चाडपर्वसमेत प्रभावित हुने बताउनुभयो । खासगरी तीज कलाकारले कमाउने पर्व पनि मानिन्छ । तर, बाढीको प्रभावले गर्दा कलासङ्गीतको क्षे प्रभावित बनेको उहाँले बताउनुभयो । गायक भट्टराइले तीजकै लागि विदेशमा आयोजना गरिएका थुप्रै सांस्कृतिक कार्यक्रम रद्द गरेर नेपालमै राहत वितरण कार्यमा सक्रिय भएको बताउनुभयो ।

"प्रतिष्ठानका धेरै साथीहरुले परिवार गुमाएका छन्, बाढीबाट प्रभावित भएका छन्", उहाँले भन्नुभयो, "अहिले उहाँहरुलाई राहतको जरुरत परेका बेला विदेशमा गाउन नाच्न जान सकिएन ।" प्रतिष्ठानले राहत वितरण कार्य आजैदेखि सुरु गर्न लागेको गायक भट्टराइले बताउनुभयो ।

प्रतिष्ठानले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा तत्कालका लागि प्रतिष्ठान केन्द्रीय समितिकोतर्फबाट एक लाख एक हजार १११ रूपैयाँ आर्थिक सहयोग गरेको छ । साथै, प्रभावित क्षेत्रमा राहत कार्यलाई अझ प्रभावकारी बनाउन प्रतिष्ठान आफ्ना मातहतका प्रदेश, जिल्ला तथा स्थानीय कमिटीलाई राहत रकम तथा सहयोग सामग्री जुटाउने अभियानसमेत सक्रिय भएको छ ।

यसपाली सामाजिक सङ्घसंस्थाले समेत तीजका कार्यक्रमलाई स्थगित गरेर घरभित्रै पर्व मनाउने निधो गरे । हरेक वर्ष धुमधामले खुला रुपमा तीज मनाउँदै आएको सामाजिक संस्था पाल्पा विकास मञ्चले पनि यसपाली सबै कार्यक्रा स्थगन गर्यो । काठमाडौँमा आएर व्यस्त जीवन बिताइरहेका जिल्लावासी एकसाथ जोड्ने मञ्चले यसपाली धेरै आफन्तजन बेघर भएकाले दुःखमा उत्सव होइन, संवेदना साट्नुपर्ने भन्दै तीज कार्यक्रम नगरेको मञ्चका अध्यक्ष कुमारी गीता भुसालले बताउनुभयो । उहाँले भन्नुभयो, "देशमा विपद् निम्तियो, यस्तो अवस्थामा भेला गर्न र रमाउन मनले मानेन ।" रासस

# पुँजी बजार सुदृढीकरण तथा पुनरुत्थान कार्ययोजनाले निजी क्षेत्रको मनोबल उकास्ने विश्वास

काठमाण्डु । अर्थ मन्त्रालयले सोमबार सार्वजनिक गरेको 'पुँजी बजार सुदृढीकरण तथा पुनरुत्थान कार्ययोजना, २०८३' ले समग्र पुँजी बजार क्षेत्रको मनोबल उकास्ने नीति ल्याएको सरोकारवालाले विश्वास व्यक्त गरेका छन् ।

अर्थ मन्त्रालयले ल्याएको कार्ययोजनाले समग्र पुँजी बजारलाई चलायमान गराएर निजी क्षेत्रलाई सबल बनाउने विश्वास गरिएको हो । नेपाल उद्योग वाणिज्य महासङ्घ पुँजी बजार समितिका अध्यक्ष प्रियाराज रेग्मीले अर्थ मन्त्रालयले ल्याएको पुँजीबजार सुदृढीकरण तथा पुनरुत्थान कार्ययोजना अक्षरशः कार्यान्वयन भएमा बजारमा सकारात्मक प्रभाव देखिने विश्वास व्यक्त गर्नुभयो ।

"अर्थमन्त्रालयले सोमबार सार्वजनिक गरेको कार्ययोजना पुँजी बजारको निकै क्रान्तिकारी र प्रोग्रेसिभ देखिएको छ", अध्यक्ष रेग्मीले भन्नुभयो, "अर्थ मन्त्रालयले पुँजीगत लाभकर अल्पकालीन र दीर्घकालीन कारोबारमा लाग्ने करको दर पनि सुधारेकाले पनि शेयर बजारमा उत्साह थपिएको छ ।" कार्ययोजनाले धितोपत्र बजारमा दीर्घकालीन लगानीलाई प्रोत्साहन गर्न विद्यमान कर व्यवस्थामा समेत सुधार गर्ने प्रस्ताव गरेको छ ।

सूचीकृत निकायबाट प्राप्त लाभमा ३६५ दिनभन्दा बढी अवधि स्वामित्वमा रहेको हितबाट प्राप्त लाभकरमा ३ दशमलव ७५ प्रतिशत र ३६५ दिन वा सोभन्दा कम अवधि स्वामित्वमा रहेको हितबाट प्राप्त लाभकरमा पाँच प्रतिशत कायम गर्ने प्रस्ताव गरिएको छ ।

यसअघि चालु आर्थिक वर्षको बजेटमार्फत भने पुँजीगत लाभकर अल्पकालीन १० प्रतिशत र दीर्घकालीन




७ दशमलव ५ प्रतिशत कायम गरिएको थियो । जसको कारण लगानीकर्ता डराइरहेको अवस्था रहेको उहाँको भनाइ छ ।

अध्यक्ष रेग्मीले अर्थ मन्त्रालयको कार्ययोजनाले संस्थागत लगानीकर्तालाई प्रोत्साहन गर्ने गरी ल्याएको छ । "यो नीतिको कारणले संस्थागत लगानीकर्ता पुँजी बजारमा भित्रिदा पक्कै पनि बजारमा हुने अनावश्यक उतारचढावलाई नियन्त्रण गर्न पनि सघाउनेछ", उहाँले भन्नुभयो, "यो नीतिले साना, मझौला र संस्थागत तीनवटै खालका लगानीकर्तालाई प्रोत्साहन हुने गरी ल्याइएको छ ।"

नेपाल इन्भेष्टर्स फोरमका पूर्वअध्यक्ष छोटेलाल रौनियारले सोमबार सार्वजनिक गरेको कार्ययोजनाले पुँजी बजार क्षेत्रका धेरै कुरा सम्बोधन गरेकाले समग्रतामा सकारात्मक प्रभाव पार्ने बताउनुभयो । "हामीले माग गरेको भन्दा नि धेरै प्रतिशत शेयरको पुँजीगत लाभकर घटाएर सरकारले उदारता देखाएको छ", उहाँले भन्नुभयो, "यो कार्ययोजनाले सरकार पक्कै पनि पुँजी बजार सुधार गर्न खोजेको छ है भन्ने सन्देश पनि प्रवाह गरेको छ ।" उहाँले नोक्सानमा परेको पनि समायोजन गर्न पाउने नियम पक्कै पनि पुँजी बजारलाई सकारात्मक प्रवाह गर्ने खालको बताउनुभयो ।

कार्ययोजनाअनुसार बैंक तथा वित्तीय संस्थाले धितोपत्रको दोस्रो बजारमा गर्ने लगानीमा 'स्पेकुलेटिभ रिस्क' न्यूनीकरण गर्नेगरी लगानी नीति बनाउनुपर्ने भएको छ । कार्ययोजनाअनुसार नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाको सञ्चालक समितिले यस्तो लगानीको आवधिक सीमा कम्तीमा ४५ दिन हुनेगरी लगानी नीति निर्धारण गर्ने व्यवस्था यथाशीघ्र मिलाउनु पर्नेछ ।

पूर्वअध्यक्ष रौनियारले यो प्रावधानले बैंक तथा वित्तीय संस्थालाई पनि निर्वाध रूपमा शेयर किनबेच गर्न पाउने प्रावधान पनि सकारात्मक सन्देश प्रवाह गरेको बताउनुभयो । यस अघि बैंक तथा वित्तीय संस्थाको लगानीको सीमा अवधि छ महिना रहेको थियो । पूर्वअध्यक्ष रौनियारले गैरआवासीय नेपालीलाई दोस्रो बजारमा प्रवेश गराउने नीतिले पनि बजारलाई चलायमान र अर्थतन्त्रमा सकारात्मक सन्देश प्रवाह गर्ने खालको रहेको बताउनुभयो ।

कार्ययोजनामा प्राथमिक तथा दोस्रो बजारको सुधार, नयाँ वित्तीय उपकरणको विकास, संस्थागत लगानी विस्तार, ऋणपत्र बजारको विकास, नेप्सेको पुनर्संरचना, गैरआवासीय नेपालीलाई दोस्रो बजारमा प्रवेश, कर प्रणालीमा सुधार तथा बैंक तथा वित्तीय संस्थाको पुँजी बजारसम्बन्धी लगानीको पुनरवलोकनलगायत विषय समेटिएका छन् ।

त्यस्तै, ऋणपत्र बजार, मुद्रा बजार र एक्सचेन्ज ट्रेडेड फन्ड (इटीएफ) जस्ता उपकरण विकास गर्न म्युचुअल फन्डलाई व्यावसायिक, विविधिकृत, पारदर्शी जोखिमसचेत, प्रविधिमैत्री तथा दीर्घकालीन लगानीको आधार स्तम्भ बनाउने नीति अघि सारिएको छ । यसका लागि बोर्डले तत्काल नीति सार्वजनिक गरी आवश्यक निर्देशिका तथा पूर्वाधार मङ्सिर मसान्तभित्र तयार गर्नेछ ।

यो मात्रै नभएर कार्ययोजनाले धितोपत्र दलाल व्यवसायको संस्थागत सुधार तथा सुदृढीकरणलाई प्राथमिकता दिएको छ ।

बोर्डले तत्काल नीति सार्वजनिक गरी दलाल व्यवसायीलाई अन्तरराष्ट्रिय अभ्यास तथा मापदण्डअनुसार आधुनिक, व्यावसायिक, सुदृढ, प्रविधिमैत्री तथा बहुआयामिक धितोपत्र वित्तीय सेवा प्रदान गर्ने संस्थाका रूपमा रूपान्तरण गर्ने लक्ष्य राखेको छ ।

कार्ययोजनाले धितोपत्रसम्बन्धी ऐन, २०६३ मा समसामयिक सुधार गर्न नियामकीय तथा बजार पूर्वाधारसम्बन्धी छुट्टाछुट्टै विधेयकको मस्यौदा तयार पर्ने विषय पनि समावेश गरेको छ । यसबाट मार्जिन लेन्डिङ, अन्तरदिवसीय कारोबार, धितोपत्र सापटी तथा उधारो र सर्ट सेलिङजस्ता उपकरण सञ्चालनका लागि कानुनी आधार तयार गरिनेछ । रासस

# बाढी प्रभावित क्षेत्रमा १२ वटा झोलुङ्गे पुलको मर्मत शुरु, असोज २० भित्र सञ्चालनमा ल्याइने



काठमाण्डु । सरकारले बाढी प्रभावित क्षेत्रमा क्षतिग्रस्त १२ वटा झोलुङ्गे पुलको मर्मत सुरु गरेको छ । पूर्वाधार विकास मन्त्रालयका अनुसार धादिङको कालिकास्थान, मालिङ्गा, मझुवाटार दोभान, महादेवा मास्टर, चिरौंदी खोला, शीतलबजार क्युरेनीटार र बेल्खु भुतियामा रहेका क्षतिग्रस्त झोलुङ्गे पुलको मर्मत सुरु भइसकेको छ ।

त्यसैगरी, नुवाकोट र धादिङ जोड्ने केउरेनी गहते, पिमलटार जागाराम, कोतपु कल्लेरी, फोस्रेटार र फिलिङ झोलुङ्गे पुल तथा गोरखा र धादिङ जोड्ने बादरे झोलुङ्गे पुलको पनि मर्मत सुरु भइसकेको छ । यी पुलहरू असोज २० गतेभित्र सञ्चालनमा ल्याउने गरी काम भइरहेको मन्त्रालयले जनाएको छ ।

साथै बाढीबाट प्रभावित थप आठ वटा झोलुङ्गे पुलको मर्मतका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक तयारी अगाडि बढाइएको छ । मर्मतमा आवश्यक 'डेक'लगायत सामग्री खरिदका लागि विभिन्न निर्माण कम्पनीहरूसँग सम्झौता भइ पहिलो चरणको सामग्री कार्यस्थलमा आपूर्ति भइसकेको छ भने दोस्रो चरणको स्टिल पार्ट्स खरिद प्रक्रिया अघि बढाइएको छ ।

यसबाहेक उक्त करिडोरमा पूर्ण रुपमा क्षतिग्रस्त ३३ वटा झोलुङ्गे पुलको पुनःनिर्माणका लागि भदौ १७ गते बोलपत्र आह्वान भइसकेको मन्त्रालयको भनाइ छ । पुल निर्माण तथा मर्मतका लागि अत्यावश्यक मानिने लठ्ठा, 'बुलडग ग्रिप्स' लगायत सामग्री खरिद गर्न सरकारले बोलपत्र आह्वान गरेको हो । रासस

# ट्राफिक प्रहरीले फेला पारेका ५० मोटरसाइकल तथा स्कुटर सम्बन्धित धनीलाई बुझायो



काठमाण्डु । काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयले उपत्यकाका विभिन्न स्थानबाट हराएका तथा चोरी भएका ५० वटा दुईपाङ्ग्रे सवारीसाधन फेला पारी सवारी धनीलाई हस्तान्तरण गरेको छ ।

ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेले फेला परेका सवारीसाधन आज आयोवित कार्यक्रममा सम्बन्धित धनीलाई हस्तान्तरण गर्नुभयो । हस्तान्तरण गरिएका सवार ीसाधनमा २८ वटा मोटरसाइकल र २२ वटा स्कुटर छन् ।

सवारीसाधन हस्तान्तरण गर्दै एसएसपी काफ्लेले आफ्नो सवारीसाधनको सुरक्षामा विशेष ध्यान दिन सवारीधनीलाई आग्रह गर्नुभयो । उहाँले ह्विल लक, डिस्क लक तथा जीपीएस प्रणालीजस्ता सुरक्षा उपकरण प्रयोग गर्न सुझाव दिनुभयो ।

सवारीसाधन चोरी वा हराएमा तत्काल ट्राफिक प्रहरीको हटलाइन १०३ मा जानकारी गराउन आग्रह गर्दै वरिष्ठ उपरीक्षक काफलेले भन्नुभयो, "सवारीसाधन चोरी भए वा हराएमा तुरुन्तै ट्राफिक प्रहरीको हटलाइन १०३ मा जानकारी गराउनुहोस् ।"

ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक (एसपी) नरेशराज सुवेदीले सवारीसाधन सुरक्षाका लागि प्राविधिक निगरानीसहितको सुरक्षित स्मार्ट पार्किङ व्यवस्थापन पनि आवश्यक रहेको बताउनुभयो । उहाँले सवारीसाधन चोरीबाट जोगाउन भौतिक तथा डिजिटल दुवै प्रकारका सुरक्षा प्रविधि प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

ट्राफिक प्रहरीले चालु आर्थिक वर्षमा हालसम्म १६६ वटा हराएका तथा चोरी भएका दुईपाङ्ग्रे सवारीसाधन फेला पारी सम्बन्धित धनीलाई हस्तान्तरण गरिसकेको जनाएको छ । फेला परेको सवारीसाधन बुझ्दै धनीले ट्राफिक प्रहरी कार्यालयले गुमेको सम्पत्ति र खुसी दुवै फिर्ता गराएको प्रतिक्रिया दिनुभयो । रासस


## माइग्रेशन हरायो

मेरो निम्न ब्यहोरा भएको कक्षा ११ र १२ (प्लस टू) को माइग्रेशन मिति २०८३/०५/२६ गते विहान १० बजे धनुषा जिल्ला ज.उ.म न.पा स्थित जानकी मन्दिर नजिक बाट हराएकोले फेला पार्नु हुने महानुभावले तलको ठेगानामा अथवा नजिकको प्रहरी चौकीमा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम : धिरेन्द्र कुमार साह**
**सिम्बोल नं.: ११७०५६१२/२१७०४६४४**
**रजिष्ट्रेशन नं.: ७६१७६६००६**
**ठेगाना:जि.ध. गा.चा.न.पा.-१०**
**मो.नं. ९८२४८१६८२४**


# प्रतिनिधिसभाः बाढीमा हराएका व्यक्तिका परिवारको 'डिएनए' परीक्षण प्रतिवेदन कहिले आउँछ ?

काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदहरूले भोटेकोशी बाढीमा हराएका व्यक्तिका परिवारको 'डिएनए' परीक्षणको प्रतिवेदन छिटो आउनुपर्नेलगायत विपद्जन्य घटनामा उद्धार र खोजीमा ध्यान दिन आग्रह गर्नुभएको छ ।



सभाको आकस्मिक समयमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद इन्दिरा राना मगरले विपत्तिमा परेकाहरूका लागि मानसिक स्वास्थ्यको उपचारलगायत अत्यावश्यक विषयको सम्बोधन सरकारले गर्नुपर्ने बताउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुश्बु ओलीले बाढीमा हराएका व्यक्तिको डिएनको परीक्षणको प्रतिवेदन कहिले आउँछ भन्ने प्रश्न पीडित परिवारबाट आफूहरूलाई प्रश्न आउन थालेको बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद समीक्षा बाँस्कोटाले अस्पतालको बाढीमा परेर घाइते भई अस्पतालको सघन उपचार कक्षमा रहेका बिरामीसँग अन्तर्वार्ता लिने कार्यले स्वास्थ्य र सञ्चार क्षेत्रका संहितामाथि गम्भीर प्रश्न खडा गरेको टिप्पणी गर्नुभयो ।

नेकपा (एमाले)का सांसद ऐनबहादुर महरले भोटेकोशी बाढीमा बेपत्ता रहेका व्यक्तिहरूको पीडा जटिल बन्दै गएकाले खोजीमा तीव्रता दिन आग्रह गर्नुभयो ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सांसद रमेश मल्लले मोटरसाइकलमा सल बेरिएर मृत्यु भएका महिलाको उदाहरण प्रस्तुत गर्दै यस्ता घटना हुन नदिन सडक सुरक्षालगायत विषयमा ध्यान दिन आग्रह गर्नुभयो ।

नेकपाका सांसद पार्वती विकले सहरमा दलितहरूले कोठा नपाउने समस्यालाई लिएर एक चेली लामो समयदेखि सडकमा रहेकाले यस्ता माग सम्बोधनका कानुन ल्याउन माग गर्नुभयो । रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

**मेष :** व्यवसायमा फाइदा हुनेछ । शिक्षा, स्वास्थ्यमा सुधारका संकेत देखिनेछन् ।
**वृष :** गुम्न लागेको सम्पत्ति हात लाग्ने छ ।
**मिथुन :** बोलीका कारण काम बन्ने छन् ।
**कर्कट :** दिन समान्य छ । खर्च बढ्ने छ । आफूले गरेका काममा पश्चाताप हुनेछ ।
**सिंह :** प्रतिभाको प्रदर्शन गर्ने दिन छ । व्यापार व्यवसायमा फाइदा हुनेछ ।
**कन्या :** तपाईका लागि आजको दिन सामान्य छ । परिवारमा कामको बोझ थपिनेछ ।
**तुला :** धर्मकर्ममा मन जानेछ । साथीभाइसंग भेट हुनेछ ।
**वृश्चिक :** डुब्न लागेको धन उठ्ने दिन रहेको छ । दिन राम्रो छ ।
**धनु :** राजनीति र सामाजिक क्षेत्रमा मन जानेछ ।
**मकर :** तपाईले गरेको कामको जस अरुले लिनेछन् । राजनीतिमा वितृष्णा बढ्नेछ ।
**कुम्भ:** अनावश्यक यात्रामा नजानु राम्रो हुन्छ । धार्मिक क्षेत्रमा मन जानेछ ।
**मीन:** मानसिक तनाव बढ्नेछ । बौद्धिक व्यक्तिसंग भेट गरेमा फाइदा हुनेछ ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# बालिका अपहरण प्रयास आरोपमा एक पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । बालिका अपहरण प्रयासको आरोपमा धनुषा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा महोत्तरी गाउँपालिका-१ पर्साका ३६ वर्षीय मनिष ठाकुर रहेका छन् ।

जनकपुरधामबाट ९ वर्षीया बालिकालाई ललाइफकाई गरी आफूसँग लैजाने प्रयास गरेको आरोपमा प्रहरीले उनलाई जिल्ला प्रहरी कार्यालय धनुषाको क्राइम टोलीले महोत्तरीस्थित उनकै घरबाट पक्राउ गरेको हो ।

प्रहरीका अनुसार भदौ १८ गते जनकपुरधामको रामानन्द चोकस्थित एन्जल बोर्डिङ स्कुलबाट छुट्टी भएपछि बाहिर निस्किएकी बालिकालाई ठाकुरले ललाइफकाई गरी आफूसँगै लैजाने प्रयास गरेका थिए । ती बालिका जान नमानेका थिएन । घटना बारे बालिकाका अभिभावकले प्रहरीमा जानकारी गराएका थिए ।

प्रहरीले विद्यालय तथा आसपासका क्षेत्रमा जडान गरिएका सीसीटीभी फुटेजको आधारमा अनुसन्धान गर्दै जाँदा ठाकुरको पहिचान खुलेपछि प्रहरीले उनलाई नियन्त्रणमा लिइएको प्रवक्ता डिएसपी ओमप्रकाश खनालले जानकारी दिएका छन् ।

प्रहरीका अनुसार स्थायी घर सिरहा रहेको ती बालिका परिवारसहित जनकपुरधाममा डेरा गरी बस्दै आएकी छन् । प्रारम्भिक अनुसन्धानका क्रममा पक्राउ परेका ठाकुर पूर्वशिक्षक रहेको खुलेको छ । घटना बारे थप अनुसन्धान भइरहेको उनले जनाएको छ ।

# स्वास्थ्य क्षेत्रमा सुधार गर्न १५ दिने अल्टिमेटम

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको स्वास्थ्य सेवामा देखिएका लापरवाही, अनियमितता र सेवाग्राहीले भोग्दै आएका समस्याको तत्काल सम्बोधन गर्न मधेश युवा सञ्जालले प्रदेश सरकारलाई १५ दिने अल्टिमेटम दिएको छ ।

सञ्जालले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवलाई ज्ञापनपत्र बुझाउँदै स्वास्थ्य सेवा प्रणालीलाई प्रभावकारी, पारदर्शी र नागरिकप्रति उत्तरदायी बनाउन तत्काल सुधारका कदम चाल्न आग्रह गरेको हो ।

प्रदेशका विभिन्न स्वास्थ्य संस्थामा पछिल्लो समय देखिएका घटनाले स्वास्थ्य सेवाको गुणस्तर र व्यवस्थापनमाथि गम्भीर प्रश्न उठेको भन्दै सञ्जालले ती घटनाको निष्पक्ष छानबिन गरी दोषी देखिएकामाथि कानुनी कारबाही गर्न माग गरेको छ ।

प्रादेशिक अस्पताल जनकपुरधाममा नवजात शिशुको मृत्यु, राजविराजको गजेन्द्र नारायण सिंह अस्पतालमा आर्थिक अभावका कारण अस्पताल परिसरबाहिरै सुत्केरी हुनुपरेको घटना तथा जनकपुरधामको मुस्कान अस्पतालमा शल्यक्रियापछि बिरामीको मृत्यु भएको घटनालाई सञ्जालले विशेष रूपमा उठाएको छ । सञ्जालका किशन



साहका अनुसार स्वास्थ्य क्षेत्रमा देखिएका समस्याको दीर्घकालीन समाधानका लागि सरकारसमक्ष १३ बुँदे माग प्रस्तुत गरिएको छ । आर्थिक अवस्था कमजोर भएका नागरिक उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले गरिब, विपन्न, असहाय, गर्भवती, सुत्केरी तथा आकस्मिक अवस्थाका बिरामीका लागि प्रभावकारी स्वास्थ्य सहायता व्यवस्था गर्न माग गरिएको उनले बताए ।

स्वास्थ्य संस्था सञ्चालनसम्बन्धी मापदण्डले लक्षित वर्गका लागि छुट्याएको १० प्रतिशत निःशुल्क शैया र उपचार सुविधा वास्तविक सेवाग्राहीले पाउने वातावरण बनाउन पनि सञ्जालले सरकारको ध्यानाकर्षण गराएको छ ।

त्यसैगरी प्रदेशभित्र सञ्चालित अस्पताल, क्लिनिक, नर्सिङ होमलगायत स्वास्थ्य संस्थाको पुनः अनुगमन गर्नुपर्ने माग गरिएको छ । संस्था दर्ता भए/नभएको, सञ्चालन अनुमति, नवीकरण, भौतिक पूर्वाधार, आवश्यक उपकरण तथा जनशक्तिको अवस्थाबारे सरकारले पुनरावलोकन गर्नुपर्ने सञ्जालको भनाइ छ । मापदण्ड पूरा नगरेका तथा अनुमति नलिई सञ्चालनमा रहेका संस्थामाथि कारबाही गर्न पनि माग गरिएको छ ।

बिरामीबाट अनावश्यक परीक्षणका नाममा रकम असुल्ने, स्वीकृतभन्दा बढी शुल्क लिने, कमिसनका आधारमा औषधि वा उपचार सिफारिस गर्ने तथा अनावश्यक उपचारमार्फत आर्थिक भार थप्ने प्रवृत्ति नियन्त्रण गर्नुपर्ने सञ्जालले जनाएको छ । सबै स्वास्थ्य संस्थाले आफूले लिने शुल्क सार्वजनिक रूपमा देखिने गरी राख्नुपर्ने मागसमेत गरिएको छ ।

चिकित्सकीय लापरवाही, गलत उपचार वा औषधिको प्रयोग तथा शल्यक्रियामा भएको कमजोरीका कारण बिरामीको गम्भीर क्षति वा मृत्यु हुने घटनामा अनिवार्य छानबिनको व्यवस्था गर्नुपर्ने माग पनि ज्ञापनपत्रमा समेटिएको छ । दोषी प्रमाणित हुने स्वास्थ्यकर्मी वा संस्थालाई कानुनअनुसार जवाफदेही बनाउनुपर्ने सञ्जालको भनाइ छ ।

अस्पतालको सरसफाइ, शौचालय, खानेपानी, संक्रमण नियन्त्रण र मेडिकल फोहोर व्यवस्थापनलाई पनि सञ्जालले प्राथमिकतामा राखेको छ ।

प्रसूति, नवजात शिशु, आकस्मिक, आईसीयू तथा शल्यक्रिया सेवामा आवश्यक चिकित्सक, नर्स, उपकरण र औषधिको पर्याप्त व्यवस्था गर्दै २४ घण्टा सेवा उपलब्ध गराउन माग गरिएको छ ।

ज्ञापनपत्रमा किशन साह, शनि कुमार सिंह, युवराज मिश्र, श्याम साह, समिट सिद्धिकी, आशिक पासमान र अनुराग ठाकुरलगायतले हस्ताक्षर गरेका छन् । सञ्जालले प्रस्तुत गरेका माग नागरिकको स्वास्थ्यसम्बन्धी मौलिक अधिकार तथा प्रचलित कानुन र स्वास्थ्य मापदण्डमा आधारित रहेको जनाएको छ ।

# वडा कार्यालयमा फोहोर थुपारेर विरोध



**टुडे समाचारदाता**

जनकपुरधाम । लामो समयदेखि फोहोर व्यवस्थापन हुन नसकेको भन्दै धनुषाको औरही गाउँपालिका-१ झिटकहियाका स्थानीय युवाहरूले वडा कार्यालय परिसरमै फोहोर थुपारेर विरोध जनाएका छन् ।

झिटकहिया युवा संगठनको अगुवाइमा युवाहरूले गाउँका विभिन्न स्थानमा थुप्रिएको फोहोर ट्र्याक्टरमा संकलन गरी वडा कार्यालय परिसरमा ल्याएर थुपारेका हुन् ।

गाउँको फोहोर व्यवस्थापनको समस्या समाधानका लागि वडा अध्यक्षसँग छलफल गर्न खोजिए पनि कार्यालयमा अध्यक्ष उपस्थित नभएपछि आफूहरूले संकलन गरेको फोहोर वडा कार्यालयमै थुपारेर सांकेतिक विरोध गर्नुपरेको युवाहरूले जनाएको छ ।

झिटकहियामा लामो समयदेखि फोहोर व्यवस्थापनको समस्या रहँदै आएको छ । ठाउँठाउँमा फोहोर थुप्रिँदा गाउँको सौन्दर्य तथा वातावरणमा असर पर्नुका साथै दुर्गन्ध र विभिन्न रोगको जोखिमसमेत बढेको उनीहरूको गुनासो रहेको छ ।

युवाहरूले फोहोर उठाउने र व्यवस्थापन गर्ने नियमित व्यवस्था तत्काल मिलाउन वडा कार्यालय तथा गाउँपालिकासँग माग गरेका छन् । उनीहरूले समस्या तत्काल समाधानसँगै दीर्घकालीन फोहोर व्यवस्थापन योजना निर्माण गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्न स्थानीय सरकारको ध्यानाकर्षण गराएका छन् ।

स्थानीय तहले सरसफाइ तथा फोहोर व्यवस्थापनलाई प्राथमिकतामा नराखे आगामी दिनमा थप दबाबमूलक कार्यक्रम सञ्चालन गर्ने युवाहरूले चेतावनी दिएका छन् ।

# मोटरसाइकल ठक्करबाट बालक घाइते

**टुडे समाचारदाता**

लहान । मोटरसाइकलको ठक्करबाट सिरहाको गोलबजार नगरपालिका-१३ सिमरामा चार वर्षीय बालकको मृत्यु भएको छ ।

घर अगाडि खेलिरहेका स्थानीय रामदयाल यादवका चार वर्षीय छोरा आयांश यादवलाई आज बिहान मोटरसाइकलले ठक्कर दिएको थियो ।

ठक्करबाट गम्भीर घाइते भएका बालकलाई उपचारका लागि गोलबजार स्थित लाइफलाइन अस्पताल लगिएको थियो । तर, अस्पताल पुर्याएलगत्तै चिकित्सकले उनलाई मृत घोषणा गरेका थिए ।

बालकलाई ठक्कर दिएपछि मोटरसाइकल चालक सवारीसहित घटनास्थलबाट फरार भएका थिए । घटनापछि खोजीमा जुटेको प्रहरीले ठक्कर दिने मोटरसाइकल फेला पारेको जनाएको छ ।

प्रहरीका अनुसार फेला परेको मोटरसाइकलको नम्बर प्र.२-०१-००१ प ६८५६ रहेको छ । मोटरसाइकल नियन्त्रणमा लिए पनि चालक भने अझै फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# ईभी दुर्घटनामा ४ जना घाइते



**टुडे समाचारदाता**

वीरगञ्ज । काठमाडौंबाट वीरगञ्जतर्फ आइरहेको ईभी माइक्रो मकवानपुरमा दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ । दुर्घटनामा तीन जना गम्भीर र एक जना सामान्य घाइते भएका छन् ।

मधेस प्रदेश ०३-००१ ज ०७२० नम्बरको ईभी माइक्रो मंगलबार दिउँसो मकवानपुरको इन्द्रसरोवरगाउँपालिका-२सुकौरामा दुर्घटनामा परेको हो । प्रहरीका अनुसार माइक्रो सडकबाट करिब पाँच सय मिटर तल खसेको थियो। दुर्घटनापछि इलाका प्रहरी कार्यालय भीमफेदीबाट खटिएको प्रहरी टोलीले उद्धार गरेको जनाएको छ ।

इलाका प्रहरी कार्यालय भीमफेदीका अनुसार माइक्रोमा चालकसहित आठ जना सवार थिए। तीमध्ये चार जनाको घटनास्थलमै मृत्यु भएको र बाँकी चार जनालाई उद्धार गरिएको छ । उद्धार गरिएकामध्ये एक जनालाई उपचारका लागि हेटौंडा अस्पताल पठाइएको छ। अन्य तीन जना गम्भीर घाइतेलाई काठमाडौंतर्फ पठाइएको मकवानपुरका प्रहरी उपरीक्षक श्याम खत्रीले जानकारी दिएका छन् ।

दुर्घटनाको कारण खुल्न सकेको छैन। मृतक तथा घाइतेको पहिचान पनि खुल्न बाँकी रहेको प्रहरीले जनाएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको छ ।

# स्थानीय तहमा भ्रष्टाचार बढ्दो, ‘सिंहदरबार गाउँ-गाउँमा पुग्यो कि भ्रष्टाचार ?’ सांसद पन्थको प्रश्न

**अनिल तिवारी**

बीरगन्ज । स्थानीय तहलाई जनतासंगको प्रत्यक्ष सरोकार राख्ने सरकार मानिए पनि पछिल्लो समय त्यही तहमा भ्रष्टाचार, राजनीतिक भागबन्डा र अनियमितता चाँग अकासिदो हुदै गएको भन्दै प्रतिनिधिसभामा गम्भीर प्रश्न उठाइएको छ ।

प्रतिनिधिसभाको बैठकमा बोल्दै पर्सा क्षेत्र नम्बर एकका सांसद बुद्धि प्रसाद पन्थले स्थानीय तहमा बढ्दो भ्रष्टाचारका कारण संघीय सरकारप्रति समेत जनताको विश्वासमा प्रश्न उठ्न थालेकोमा चिन्ता व्यक्त गरे ।

उनका अनुसार भ्रष्टाचार र भागबन्डाका कारण कतिपय स्थानीय तह ऋणमा डुब्दै गएका छन् भने विकास निर्माणको भुक्तानी मात्र होइन, कर्मचारीको तलब तथा उपदानसमेत दिन नसक्ने अवस्था सिर्जना भएको छ ।मधेस प्रदेकका एक महानगरपालिकाको रुपमा रहेको बिरगन्ज। महानगरपालिकाको आर्थिक अवस्था दिवालीया पनमा पुगकोमा सांसद पन्तले संसदमा चिन्ता व्यक्त गरेका हुन ।

उनले मधेस प्रदेशको एकमात्र महानगरपालिका वीरगन्ज महानगरपालिकाले कर्मचारीको तलब तथा उपदानब ापत ७३ करोड रुपैयाँभन्दा बढी रकम भुक्तानी गर्न नसकेको उल्लेख गर्दै कार्यरत तथा अवकाशप्राप्त कर्मचारी ठूलो मारमा परेको बताए ।

उनले प्रतिनिधि सभामा भने,कतिपय पालिकामा जनप्रतिनिधि र कर्मचारीबीच अघिल्लो आर्थिक वर्षको भागबन्डा नमिल्दा बजेट प्रक्रिया नै अवरुद्ध भएको तथा कतिपय ठाउँमा बजेट पारित भए पनि बैंक खाता सञ्चालन हुन नसकेको अवस्था रहेको छ ।

स्थानीय तहमा करार तथा ज्यालादारी कर्मचारी नियुक्तिदेखि ठेक्कापट्टासम्मका काम पार्टीगत सम्बन्ध, नातागोता र व्यक्तिगत पहुँचका आधारमा हुने गरेको व्यापक जनगुनासो रहेको सांसदको भनाइ छ।



राजनीतिक आस्था र आर्थिक लेनदेनका आधारमा शिक्षक तथा अन्य करार कर्मचारी नियुक्ति र सरुवा हुने प्रवृत्तिले शिक्षा तथा स्वास्थ्यजस्ता नागरिकसँग प्रत्यक्ष जोडिएका क्षेत्रसमेत प्रभावित भएको उनले बताए ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा पर्ने कुल उजुरीमध्ये ५२ प्रतिशतभन्दा बढी स्थानीय तहविरुद्ध हुने गरेको दाबी गर्दै उनले एउटा जनप्रतिनिधिको कार्यकालमा भएको भ्रष्टाचारको अनुसन्धान अर्को व्यक्ति मेयर वा अध्यक्ष बनेपछि पनि पूरा हुन नसक्ने अवस्थाले अख्तियारको कार्यक्षमता र समग्र सुशासन प्रणालीमाथि प्रश्न खडा गरेको बताए ।

सांसद पन्तले सुशासनको नारासहित बनेको सरकारले आफ्नो प्राथमिकतामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई चुस्त, सक्षम र निष्पक्ष बनाउने विषयलाई राख्नुपर्ने माग गरे ।

आयोगमा आयुक्तदेखि अनुसन्धानअधिकृतसम्मकाजनशक्ति अवकाशप्राप्त वा अन्य निजामती समूहबाट ल्याउने वर्तमान अभ्यासको सट्टा छुट्टै ‘अख्तियार समूह’ गठन गरी खुला प्रतिस्पर्धाबाट जनशक्ति छनोट गर्ने व्यवस्था गर्न उनले सरकारको ध्यानाकर्षण गराए ।

त्यसैगरी, स्थानीय तहको सुशासन र कार्यसम्पादनका आधारमा संघीय सरकारले राम्रो काम गर्ने पालिकालाई पुरस्कृत गर्ने तथा भ्रष्टाचारमा संलग्न पालिकाको आवश्यक परे अनुदानसमेत रोक्ने गरी कडा व्यवस्था गर्नुपर्ने उनको माग छ ।

उनले समयमै प्रभावकारी कदम चाल्न नसके संघीयताको मूल अवधारणाअनुसार जनताको घरदैलोमा ‘सिंहदरबार’ पुग्नुको सट्टा ‘गाउँ-गाउँमा भ्रष्टाचार’ भन्ने अवस्था सिर्जना हुन सक्ने चेतावनी समेत दिए ।

# डोजर चलाए प्रतिकार गर्ने गुठी पिडीत महासंघर्ष समितिको चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाका विभिन्न वडामा पुस्तौंदेखि बसोबास गर्दै आएका गुठी तथा रैती जग्गाका बासिन्दाद्वारा गठित महासंघर्ष समितिले आफूहरुको घरमा डोजर चलाए सशक्त प्रतिकार गर्ने चेतावनी दिएका छन् ।

उनीहरुले आफूहरूलाई अतिक्रमणकारीको रूपमा चित्रित गरी घर-टहरा हटाउने प्रयास गरिएको भन्दै मंगलवार एक कार्यक्रमका बीच आन्दोलनका लागि ५१ सदस्यीय ‘गुठी पीडित घर जग्गा व्यवस्थापन महासंघर्ष’ गठन गरेका हुन् ।

महासंघले जारी गरेको प्रेस विज्ञप्तिमा गुठी संस्थानले जनकपुरधामका विभिन्न वडामा पुस्तौंदेखि शान्तिपूर्ण तथा अविच्छिन्न रूपमा बसोबास गर्दै आएका रैती तथा नागरिकलाई ‘अतिक्रमण मुक्त गर्ने’ भन्दै गैरकानुनी र गैरजिम्मेवार ढंगले सूचना जारी गरेको आरोप लगाइएको छ ।

गुठी संस्थानले यसअघि ७ दिन र पुनः १५ दिनभित्र घर-टहरा भत्काउनेसम्बन्धी सूचना जारी गरेको भन्दै महासंघले उक्त सूचना तत्काल खारेज गर्न माग गरेको छ ।

महासंघको दाबी अनुसार आफूहरू अतिक्रमणकारी नभई २०४६ सालको आधिकारिक सरकारी नापीका क्रममा मालपोत कार्यालय तथा गुठी संस्थानका प्रतिनिधिको रोहबरमा कित्ताकाट भई सरकारी नापीको फिल्डबुकमा कायम भएका जग्गाका भोगाधिकारी हुन् । त्यसैले फिल्डबुकमा कायम प्रमाण, जग्गाको भोगचलन र ऐतिहासिक भोगाधिकारलाई बेवास्ता गरी



नागरिकलाई उठिबास लगाउने कार्य स्वीकार्य नहुने विज्ञप्तिमा उल्लेख छ ।

महासंघले भोजराज घिमिरे कार्यदलको प्रतिवेदन (२०६२) लाई समेत त्रुटिपूर्ण र एकपक्षीय भएको आरोप लगाएको छ। उक्त प्रतिवेदनले जमिनको वास्तविक वस्तुस्थिति तथा फिल्डबुकमा नापी भएका रैतीहरूको ऐतिहासिक नाम र भोगाधिकारलाई नजरअन्दाज गरी केवल कोठामा बसेर लगत तयार गरेको महासंघको आरोप छ ।

महासंघले नेपालको संविधानले प्रत्याभूत गरेको आवासको हक तथा सम्पत्तिको हकविपरीत नागरिकलाई कुनै विकल्प र क्षतिपूर्तिबिना सडकमा ल्याउन खोजिएको दाबी गरेको छ। साथै, गुठी ऐन, २०३३ तथा मुलुकी देवानी संहितामा रहेको दीर्घकालीन भोगचलनसम्बन्धी कानुनी व्यवस्थालाई समेत आधार बनाउँदै आफूहरूको जग्गा अधिकारमाथि एकतर्फी हस्तक्षेप गर्न नमिल्ने जनाएको छ । समितिले गुठी संस्थान तथा सम्बन्धित निकायसमक्ष पाँचबुँदे माग अघि सारेको छ । पहिलो, नापीको आधिकारिक प्रमाण अर्थात् फिल्डबुक कायम भएका नागरिकलाई उठिबास लगाउने उद्देश्यले जारी गरिएको १५ दिने सूचना तत्काल विनासर्त खारेज वा स्थगित गरियोस ।

दोस्रो, त्रुटिपूर्ण भनिएको २०६२ सालको प्रतिवेदन स्थगन तथा पुनरावलोकन गरी वास्तविक कित्ता र जनसाधारणको ऐतिहासिक भोगाइसमेत समेटेर नयाँ निष्पक्ष उच्चस्तरीय छानबिन आयोग गठन गर्नुपर्ने ।

तेस्रो, नापी, मालपोत, गुठी तथा महासंघका प्रतिनिधिको सहभागितामा सम्बन्धित कित्ताहरूको वैज्ञानिक डिजिटल म्यापिङ तथा प्राविधिक जाँचबुझ गर्नुपर्ने र त्यसअघि कुनै प्रशासनिक कदम अघि बढाउन नहुने ।

चौथो, गुठी र रैतीबीचको भूमिस्वामित्वसम्बन्धी विवाद समाधानका लागि फिल्डबुकमा नाम भएका रैतीलाई भूमि तथा गुठीसम्बन्धी कानूनअनुसार स्थायी लालपुर्जा वितरणको प्रक्रिया अघि बढाउनुपर्ने ।

पाँचौं, उचित क्षतिपूर्ति, मुआब्जा तथा न्यायिक पुनःस्थापनाको ग्यारेन्टीबिना कसैलाई पनि वासस्थानबाट हटाउन नहुने ।

‘डोजर चलाए निर्णायक जनविद्रोह’


महासंघले आफ्ना मागलाई बेवास्ता गर्दै गुठी संस्थान वा स्थानीय प्रशासनले बलपूर्वक डोजर चलाउने अथवा नागरिकलाई उठिबास लगाउने प्रयास गरे त्यसको सशक्त प्रतिकार गर्ने चेतावनी दिएको छ ।

विज्ञप्तिमा त्यस्तो अवस्था सिर्जना भए जनकपुरधाममा निर्णायक र सशक्त जनविद्रोह सिर्जना हुने चेतावनी दिँदै त्यसबाट उत्पन्न हुने परिस्थितिको सम्पूर्ण जिम्मेवारी गुठी संस्था र सम्बन्धित प्रशासनले लिनुपर्ने उल्लेख गरिएको छ ।

महासंघले आफूहरू न्यायपूर्ण र शान्तिपूर्ण कानुनी संघर्षमा विश्वास गर्ने जनाएको छ। यसअघि भएका चक्काजाम र मसाल जुलुस नागरिक आक्रोशको सुरुवात मात्र भएको भन्दै अब समिति गठन भइसकेकाले कानुनी तथा सडक संघर्षलाई एकसाथ अघि बढाउने घोषणा गरेको छ ।

महासंघले तत्काल तथ्यांक संकलन, प्रचार-प्रसार तथा अन्य आन्दोलनका कार्यक्रम सञ्चालन गर्ने र आगामी बैठकबाट थप कार्यक्रम तय गर्ने जनाएको छ । गुठी संस्थानले जारी गरेको घर-टहरा हटाउने सूचनाप्रति असन्तुष्ट स्थानीय बासिन्दाहरू संगठित हुँदै महासंघ गठन गरेपछि जनकपुरधामको गुठी तथा रैती जग्गासम्बन्धी विवाद थप चर्किने देखिएको छ ।





अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अलपत्र पुल र विकासको अवरुद्ध गति

कुनै पनि भूगोलको विकासका लागि सबैभन्दा पहिलो आधार भनेकै सहज यातायात र आपसी सम्पर्क हो । एक ठाउँबाट अर्को ठाउँका समुदायलाई जोड्ने, आर्थिक गतिविधिलाई गति दिने र नागरिकको दैनिक जीवनलाई सहज बनाउने पूर्वाधारमध्ये पुलको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । तर नेपालमा विकासको आधार मानिएका यिनै पुल निर्माणमा देखिएको ढिलासुस्ती, ठेकदारको लापरबाही र सरकारी निकायको कमजोर अनुगमनले विकासको गतिलाई नै अवरुद्ध गरिरहेको छ । मधेश प्रदेशमा हुलाकी राजमार्ग र त्यसअन्तर्गतका अधिकांश पुल-पुलेसा निर्माणाधीन वा अलपत्र रहनु यसको गम्भीर उदाहरण हो । झापा गाउँपालिका-२ र गौरीगञ्ज गाउँपालिका-१ जोड्ने कन्काइ नदीमाथिको पुल १४ वर्षसम्म अलपत्र पारिएको घटना यसै प्रवृत्तिको अर्को दुःखद दृष्टान्त हो । ७२३ मिटर लामो पुल निर्माणका लागि पप्पु-महादेव-खिम्ती जेभीसँग २०६८ जेठ ३१ गते ३४ करोड ९ लाख रुपैयाँमा सम्झौता भएको थियो । २०७२ जेठ ३० गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने भए पनि पाँचपटकसम्म म्याद थप्दा समेत भौतिक प्रगति ५६ प्रतिशतभन्दा माथि पुग्न सकेन । अन्ततः सरकारले ठेक्का तोड्दै कम्पनीबाट थप लागत, लागत अन्तर र जरिवानासहित १ अर्ब ९९ करोड १२ लाख ५८ हजार ७७५ रुपैयाँ असुल गर्ने प्रक्रिया अघि बढाएको छ । यो रकम असुल गर्ने सरकारी निर्णय सकारात्मक भए पनि प्रश्न यतिमै सकिँदैन । आखिर एउटा पुल निर्माणको सम्झौता ३४ करोड रुपैयाँमा हुँदा त्यसको लापरबाहीको मूल्य राज्यले झन्डै दुई अर्ब रुपैयाँको दाबीमार्फत किन बेहोर्नुपर्ने अवस्था आयो ? दोषी ठेकेदारमाथि कारबाहीसँगै ठेक्का प्रक्रिया, प्राविधिक मूल्यांकन, म्याद थप र सरकारी अनुगमन गर्ने संयन्त्रमाथि पनि गम्भीर समीक्षा आवश्यक छ । पप्पु समूहसँग जोडिएको विवाद कन्काइमा मात्र सीमित छैन । धनुषा-सिरहालाई जोड्ने कमला नदीको पुल निर्माणमा पनि गुणस्तर र कार्यसम्पादनसँग सम्बन्धित गम्भीर प्रश्न उठेका थिए । निर्माण सम्पन्न भएको दाबीका आधारमा उद्घाटन गरिएको पुल केही समयमै संरचनागत समस्याका कारण सञ्चालनमा आउन नसक्नु राज्यको पूर्वाधार व्यवस्थापनप्रतिको चिन्ताजनक अवस्था हो । कन्काइ पुल अलपत्र हुँदा स्थानीयवासीले वर्षौंदेखि सास्ती खेपिरहेका छन् । वर्षायाममा जोखिम मोलेर डुंगा प्रयोग गर्नुपर्ने र हिउँदमा शुल्क तिरेर बाँसको अस्थायी पुलबाट आवतजावत गर्नुपर्ने बाध्यता आफैंमा विकास व्यवस्थापनको विडम्बना हो । अब सरकारले केवल ठेकेदारबाट रकम असुल गर्ने होइन, यस्ता आयोजना समयमै सम्पन्न हुने सुनिश्चितता गर्नुपर्छ । कमजोर कार्यसम्पादन गर्ने कम्पनीलाई जिम्मेवार बनाउने, गुणस्तरमा सम्झौता नगर्ने, अनावश्यक म्याद थप रोक्ने र सम्बन्धित सरकारी अधिकारीको जवाफदेहिता तय गर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्छ । पुल केवल कंक्रिटको संरचना नभइ नागरिकको जीवन, अर्थतन्त्र र विकासलाई जोड्ने सेतु हो । त्यसैले पुल निर्माणमा हुने ढिलासुस्ती अन्ततः विकासमाथिको खेलबाड हो ।

# फैसलाभित्र न्यायिक प्रक्रियाको खोजी



● अनिलकुमार कर्ण

विवेक चौधरीले दायर गरेको निवेदन दर्ता गर्न अस्वीकार गर्दै सर्वोच्च अदालतका रजिस्ट्रार भद्रकाली पोखरेलले २०८३ भदौ २९ गते जारी गरेको दरपीठ आदेशमा भनिएको छ–

"प्रचलित संविधान, कानुन तथा न्यायका मान्य सिद्धान्त एवम् निर्धारित कार्यविधिगत प्रक्रियाको अवलम्बन गरी संविधान र कानुनले तोकेबमोजिमको न्यायिक अधिकार र न्यायिक मनको प्रयोग गरी भए गरेका विषयको पुनरावेदनको रोहबाहेक अन्य तरिकाले परीक्षणयोग्य नमानिएको हुँदा प्रस्तुत निवेदन दर्ता गर्न मिल्ने देखिएन ।"

यो आदेशबाट दीर्घकालीन महत्तवको एउटा प्रश्न उत्पन्न हुन्छ–न्यायिक अधिकार र न्यायिक मनको प्रयोग गरी भएको भनिएको निर्णयलाई पुनरावेदनको रोहबाहेक अन्य कुनै न्यायिक प्रक्रियाबाट प्रश्न गर्नै नमिल्ने हो ? त्यसैले यो प्रश्न एउटा निवेदन दर्ता हुनुमा सीमित नभएर अदालतले कुनै मुद्दामा पेश भएका दाबी, प्रमाण, कानुनी व्यवस्था र नजिरलाई कसरी ग्रहण गर्छ, तिनलाई कसरी मूल्याङ्कन गर्छ र अन्ततः कुन आधारमा निष्कर्षमा पुग्छ भन्ने न्यायिक निर्णय प्रक्रियासँग जोडिन पुगेको छ । अझ न्याय कसरी गर्ने मूल दर्शन, सिद्धान्त र पद्धतिसम्म पुगेर चियाउने प्रश्न बनेको छ ।

अदालतमा कुनै मुद्दा पुग्दा न्यायाधीशसमक्ष पक्षहरूको दाबी र प्रतिदाबी मात्र पुग्दैनन् । त्यससँगै प्रमाण, कानुनका प्रावधान, संवैधानिक व्यवस्था, पूर्वनिर्णय र नजिर पनि पुग्छन् । तीमध्ये कुन सामग्री निर्णयका लागि सान्दर्भिक छ, कुन नजिर लागू हुन्छ, कुन लागू हुँदैन र किन लागू हुँदैन भन्ने विषयमा अदालतले आफ्नो न्यायिक मन प्रयोग गर्छ ।

न्यायिक मन स्वतन्त्र हुन्छ । तर, त्यसको प्रयोग परीक्षणभन्दा बाहिर रहन्छ कि संविधान, कानुन, नजिर र कारणयुक्त निर्णयको सीमाभित्रै हुनुपर्छ भन्ने प्रश्न विवेक चौधरीको निवेदनको अन्तर्य हो । उनको निवेदनमा सर्वोच्च अदालतकै ०८२-AP-०५०५ नम्बरको अवहेलना मुद्दामा २०८२ चैत १९ गते भएको अन्तिम आदेश पनि सन्दर्भ छ । उक्त आदेशमा केवल नजिरविपरीत निर्णय गर्नु वा कानुनी त्रुटि गर्नु मात्र न्यायाधीशको अवहेलना नहुने र त्यस्तो निर्णयको उपचार पुनरावेदन वा कानुनले उपलब्ध गराएको अन्य प्रक्रियाबाट खोज्नुपर्ने आशय व्यक्त गरिएको छ । तर, चौधरीले उठाएको पछिल्लो प्रश्न त्यसको ठ्याक्कै पुनरावृत्ति होइन । अदालतसमक्ष कुनै सान्दर्भिक र बाध्यकारी नजिर प्रस्तुत गरिएको छ तर फैसलामा त्यसको चर्चा नगरी आफूलाई अनुकूल हुने अर्को नजिरलाई मात्र आधार बनाइन्छ भने त्यसलाई केवल फैसलाको परिणामप्रतिको असन्तुष्टि भनेर मात्र बुझ्ने हो कि निर्णय निर्माण गर्ने प्रक्रियामाथिको प्रश्नका रूपमा पनि भन्ने प्रश्न निवेदनको मूलअंश हो ।

निवेदनमा Pick and Choose (पिक एण्ड चुज) को कुरा छ । तर Pick and Choose भन्नासाथ अदालतले जानाजानी कुनै नजिर छानेर अर्को नजिर पन्छायो भन्ने निष्कर्षमा पुग्न मिल्दैन । फैसलामा कुनै नजिरको उल्लेख नभएको मात्र आधारमा अदालतले त्यसलाई विचार नै गरेन भन्न सकिँदैन । उल्लेख नभएको र विचार नै नगरिएको दुई फरक कुरा हुन् । अदालतले कुनै नजिरलाई विचार गरेर पनि त्यसलाई आफ्नो मुद्दामा लागु नहुने ठहर गर्न सक्छ । त्यसका लागि अदालतले मुद्दाका तथ्य वा उठेका कानुनी प्रश्न पूर्वनजिरभन्दा फरक रहेको देखाउन सक्छ । यसलाई distinguish (डिस्टिङ्गिवस) भनिन्छ । त्यसैगरी, नजिरको वास्तविक बाध्यकारी अंश के हो भन्ने पनि छुट्याउनुपर्छ । कुनै फैसलाको निष्कर्षमा पुग्न आवश्यक कानुनी सिद्धान्तलाई ratio decidendi (रेसियो डिसिडेन्डी) भनिन्छ । फैसलामा प्रसङ्गवश गरिएका वा निर्णयका लागि अपरिहार्य नभएका टिप्पणी भने obiter dicta (अबिटर डिक्टा) को प्रकृतिका हुन सक्छन् । त्यसैले कुनै नजिर बाध्यकारी छ भन्दैमा त्यसको हरेक वाक्य अर्को मुद्दामा जडवत् रूपमा लागु हुन्छ भन्ने होइन ।

यदि कुनै पक्षले अदालतसमक्ष प्रत्यक्ष रूपमा लागु हुने नजिर प्रस्तुत गरेको छ भने अदालतले त्यसलाई विचार गऱ्यो कि गरेन भन्ने प्रश्न उठ्न सक्छ । अदालतले त्यो नजिर लागु नहुने ठहर गर्छ भने कारण देखाउन सक्छ । तर, नजिरको अस्तित्व नै नदेखाएजस्तो गरी त्यसलाई पूर्णतः बेवास्ता गरिन्छ भने प्रश्न अलि फरक तहमा पुग्छ ।

त्यसैले reasoned decision (रिजनड डिसिजन) महत्त्वपूर्ण हुन्छ । अदालतले पक्षले पेश गरेका सबै तर्क स्वीकार गर्नुपर्छ भन्ने होइन । सबै प्रमाण वा सबै नजिरलाई एउटै महत्तव दिनुपर्छ भन्ने पनि होइन । न्यायिक निर्णय भनेको अन्ततः छनोट र मूल्याङ्कनको प्रक्रिया हो । तर, कुनै महत्त्वपूर्ण कानुनी आधारलाई अस्वीकार गरिएको हो भने त्यसको कारण देखिनु निर्णयको विश्वसनीयताका लागि आवश्यक हुन्छ । अर्थात् "विचार गरेर अस्वीकार गर्नु" र "विचार नै नगरी टार्नु" एउटै कुरा होइन ।

यहाँनेर एउटा कठिनाइ छ, कुनै फैसलामा नजिरको उल्लेख नभएको आधारमा अदालतले त्यो नजिर विचार नै गरेन भन्ने प्रमाणित कसरी गर्ने ? यो विषय अनुमानबाट टुङ्गो लगाउन सकिँदैन । त्यसका लागि मुद्दाको अभिलेख, पक्षले पेश गरेका लिखित बहस, उद्धृत गरिएका नजिर, उठाइएका कानुनी प्रश्न र फैसलाको चभबकयलष्लन (रिजनिङ) हेर्नुपर्ने हुन्छ । त्यसैले Pick and Choose (पिक एण्ड चुज) को आरोप पनि अभिलेख र निर्णय प्रक्रियाको तुलनात्मक परीक्षणबाट मात्र प्रमाणित हुन सक्छ । यही कारणले दरपीठ आदेशमा प्रयोग भएको "पुनरावेदनको रोहबाहेक अन्य तरिकाले परीक्षणयोग्य नमानिएको" भन्ने वाक्यले थप प्रश्नको जन्म दिन्छ ।

> न्यायिक स्वतन्त्रताको रक्षा गर्न न्यायिक मनलाई स्वतन्त्र राख्नुपर्छ । तर, न्यायिक मनको प्रयोग संविधान, कानुन, नजिर र कारणयुक्त निर्णयको सीमाभित्र भएको छ कि छैन भन्ने प्रश्न गर्ने वैधानिक र न्यायिक बाटो पनि रहनुपर्छ ।

सामान्यतः पुनरावेदन भनेको तल्लो अदालतको निर्णयको कानुनी वा तथ्यगत परीक्षण गर्ने नियमित बाटो हो । तर, सबै न्यायिक निर्णय पुनरावेदनयोग्य हुँदैनन् । पुनरावेदनको अधिकार पनि कानुनबाट निर्धारित हुन्छ । त्यसैले "पुनरावेदन गर्न मिल्छ" भन्ने कुरा र "निर्णय प्रक्रियामा भएको हरेक प्रकारको त्रुटिको परीक्षण पुनरावेदनबाटै मात्र हुन्छ" भन्ने कुरा समान होइन ।

नेपालको कानुनी व्यवस्थाले पनि न्यायिक निर्णयको अन्तिमतालाई निरपेक्ष बनाएको छैन । न्याय प्रशासन ऐन, २०७३ को दफा ११ ले निश्चित अवस्थामा सर्वोच्च अदालतको आफ्नै फैसला वा अन्तिम आदेशको review (रिभ्यु) को व्यवस्था गरेको छ । विशेषगरी सर्वोच्च अदालतबाट स्थापित नजिर वा कानुनी सिद्धान्तविपरीत फैसला वा अन्तिम आदेश भएको देखिएमा पुनरावलोकनको आधार बन्न सक्ने व्यवस्था त्यसमा छ ।

यसको अर्थ प्रत्येक फैसलालाई फेरि खोल्न सकिन्छ भन्ने होइन । Review (रिभ्यु) पुनरावेदनको अर्को रूप पनि होइन । यसको आफ्नै सीमित कानुनी आधार र कार्यविधि छ । तर, यसले एउटा महत्त्वपूर्ण कुरा भने देखाउँछ भने नजिर वा स्थापित कानुनी सिद्धान्तसँग सम्बन्धित गम्भीर कानुनी त्रुटिलाई कानुनले सबै अवस्थामा परीक्षणबाहिर राखेको छैन ।

त्यस्तै, केही अवस्थामा उच्च अदालतका अन्तिम फैसलाका सम्बन्धमा दोहोऱ्याई पाऊँ भन्ने विशेष कानुनी व्यवस्था पनि छ । यसको आफ्नै क्षेत्र र सीमाहरू छन् । त्यसैले वास्तविक प्रश्न यो होइन कि अदालतको फैसला अन्तिम हुन्छ कि हुँदैन । न्यायिक निर्णयमा finality (फाइनलिटी) आवश्यक हुन्छ । मुद्दा अनन्तसम्म चलिरहन सक्दैन । न्यायिक प्रणालीको स्थायित्व र कानुनी निश्चितताका लागि अन्तिमता आवश्यक हुन्छ । तर अन्तिमता र त्रुटिहीनता एउटै कुरा होइनन् । यस्तोमा स्वाभाविक रूपमा कुन प्रकारका त्रुटिका लागि कुन तहसम्म सुधारको बाटो खुला राख्ने भन्ने प्रश्न उब्जिन्छ । यो प्रश्नले न्यायिक स्वतन्त्रता र न्यायिक उत्तरदायित्वबीचको सम्बन्धलाई पनि स्पर्श गर्छ । न्यायिक स्वतन्त्रता लोकतान्त्रिक न्याय प्रणालीको आधार हो । न्यायाधीशले बाह्य दबाव, राजनीतिक प्रभाव वा सार्वजनिक लोकप्रियताका आधारमा फैसला गर्न हुँदैन । तर, न्यायिक स्वतन्त्रताको अर्थ न्यायिक निर्णयमाथि कुनै प्रश्न नै उठाउन नपाइने भन्ने होइन । न्यायिक मन स्वतन्त्र हुन्छ । यस्तो स्वतन्त्रतामा तर मनपर्दीको कल्पनासम्म गर्न सकिँदैन । त्यो संविधान, कानुन, प्रमाण, नजिर र न्यायका मान्य सिद्धान्तबाट निर्देशित हुन्छ । त्यसैले न्यायिक स्वतन्त्रताको रक्षा गर्ने नाममा न्यायिक निर्णय प्रक्रियालाई पूर्णतः अपरीक्षणीय बनाउनु र न्यायिक उत्तरदायित्वका नाममा हरेक फैसला पुनःपरीक्षण गर्न खोज्नु दुवै अतिशय कठोर दृष्टिकोण हुन् । त्यसैले यस दृष्टिकोणमा भारतको अभ्यास सन्तुलित बनाउन खोजिएको देखिन्छ ।

भारतको सर्वोच्च अदालतको Rupa Ashok Hurra vs Ashok Hurra (रुपा अशोक हुर्रा विरुद्ध अशोक हुर्रा) मुद्दामा पाँच सदस्यीय संवैधानिक इजलासले पुनरावलोकन निवेदन खारेज भइसकेपछि पनि अत्यन्त असाधारण अवस्थामा सर्वोच्च अदालतको अन्तिम निर्णयमाथि थप सुधारको बाटो हुन सक्छ कि सक्दैन भन्ने प्रश्नमा विचार गरेको थियो । १० अप्रिल २००२ को उक्त निर्णयले सीमित अवस्थामा curative petition (क्युरेटिभ पेटिसन) को अवधारणा स्वीकार गऱ्यो ।

यसको अर्थ सर्वोच्च अदालतका प्रत्येक फैसला फेरि खोल्न सकिन्छ भन्ने होइन । बरु न्यायको गम्भीर विफलता वा न्यायिक प्रक्रियामा अत्यन्त गम्भीर त्रुटि देखिएको अवस्थामा अन्तिमताको सिद्धान्तभित्रै अत्यन्त साँघुरो सुधारको बाटो राख्न सकिन्छ भन्ने हो । त्यसमा प्राकृतिक न्यायको गम्भीर उल्लङ्घन वा न्यायिक निष्पक्षतामाथि गम्भीर प्रश्न उठ्ने अवस्थालाई उदाहरणका रूपमा हेरिएको छ ।

यो भारतीय व्यवस्था नेपालमा हुबहु लागु हुन्छ भन्ने होइन । नेपालको आफ्नै संवैधानिक र कानुनी संरचना छ । अन्तिमतता आवश्यक भए पनि न्यायिक त्रुटिको प्रश्नलाई हरेक अवस्थामा अन्तिमताका नाममा पूर्णतः बन्द गर्नैपर्छ भन्ने सन्दर्भमा भारतीय न्यायालयको प्रतिपादन गरेको क्युरेटिभ पेटिसनको सैद्धान्तिक महत्त्व भने छ ।

बेलायतमा पनि सर्वोच्च अदालतले आफ्नै पूर्वनिर्णय वा तत्कालीन House of Lords (हाउस अफ लर्ड्स) का निर्णयबाट अलग हुन खोजिएको अवस्थामा त्यसलाई स्पष्ट रूपमा उठाउनुपर्ने व्यवस्था आफ्नो Practice Directions (प्राक्टिस डाइरेक्सन्स) मार्फत गरेको छ । यसको अर्थ त्यहाँ पनि नजिरबाट अलग हुनु आफैंमा निषेध गरिएको होइन, तर त्यसका लागि संस्थागत र कारणयुक्त प्रक्रिया आवश्यक मानिएको छ ।

दक्षिण अफ्रिकाको संवैधानिक अदालतले पनि नजिरको महत्त्वलाई कानुनी निश्चितता, समानता र विधिको शासनसँग जोडेर हेरेको छ । नजिरको ratio decidendi (रेसियो डिसिडेन्डी) बाध्यकारी हुने र अदालतले त्यसबाट अलग हुन खोज्दा त्यसको औचित्य देखाउनुपर्ने अवधारणा त्यहाँ पनि महत्त्वपूर्ण छ ।

यी तुलनात्मक उदाहरणले एउटा कुरा के देखाउँछ भने न्यायिक प्रणालीमा नजिर केवल पुरानो फैसलाको अभिलेख होइन । त्यो समान प्रकृतिका कानुनी प्रश्नमा निरन्तरता, समानता र संस्थागत विश्वसनीयताको आधार पनि हो । नेपालको सन्दर्भमा चुनौती अझ जटिल छ । यहाँ एकातिर सर्वोच्च अदालतका व्याख्या र प्रतिपादित कानुनी सिद्धान्तको पालना गर्नुपर्ने संवैधानिक व्यवस्था छ । अर्कोतिर न्यायिक निर्णयको अन्तिमतालाई पनि सम्मान गर्नुपर्छ । यी दुईबीच सन्तुलन खोज्दा प्रश्न केवल "फैसला सही थियो कि गलत ?" भन्ने हुँदैन । कहिलेकाहीँ प्रश्नको एउटा कोण अझै जरुरी हुन्छ । त्यो कोण हो, फैसला गर्ने प्रक्रिया ठीक थियो कि थिएन ?

कुनै महत्त्वपूर्ण नजिर अदालतसमक्ष प्रस्तुत गरिएको थियो, त्यसले उठेको कानुनी प्रश्नसँग प्रत्यक्ष सम्बन्ध राख्थ्यो तर फैसलामा त्यसको कुनै चर्चा भएन र त्यसको विपरीत प्रकृतिको अर्को नजिरलाई मात्र आधार बनाइयो भने त्यो विषयलाई फैसलाको परिणामप्रतिको असन्तुष्टिका रूपमा हेर्ने कि निर्णय निर्माण प्रक्रियाको सम्भावित त्रुटिका रूपमा पनि जाँच्ने ? त्यसको परीक्षण गर्ने अधिकार कसलाई हुने ? कुन प्रक्रियाबाट हुने ? कस्तो प्रमाण आवश्यक पर्ने ? र त्यस्तो परीक्षणले न्यायिक स्वतन्त्रतालाई कमजोर नपारी न्यायिक उत्तरदायित्वलाई कसरी बलियो बनाउने ? यस्ता धेरै प्रश्न विवेचित सन्दर्भसँग जोडिन्छन् । तर, यी प्रश्नको उत्तर सजिलो भने छैन । किनभने न्यायिक निर्णयमा प्रयोग हुने judicial mind (जुडिसियल माइन्ड) देखिने वस्तु होइन । अदालतले आफ्नो फैसलामा लेखेका कारण र निष्कर्षबाट त्यसको प्रयोग अनुमान गर्न सकिन्छ । तर, न्यायाधीशको मनभित्र वास्तवमा कुन कुरा विचार भयो र कुन कुरा भएन भन्ने कुरा प्रत्यक्ष रूपमा हेर्न सकिँदैन । त्यसैले न्यायिक मनको परीक्षण पनि अन्ततः निर्णय, अभिलेख, तर्क, कानुनी आधार र नजिरको प्रयोगबाटै गर्नुपर्ने हुन्छ । न्यायिक निर्णयको गुणस्तर र न्यायिक प्रक्रियाको पारदर्शिताको सबाल यहीँबाट वेगवान् बन्छ ।


विवेक चौधरीको निवेदन दर्ता हुनुपर्थ्यो वा पर्दैनथ्यो भन्ने प्रश्न अन्ततः सम्बन्धित कानुनी व्यवस्था, अधिकारक्षेत्र र न्यायिक व्याख्याको विषय हो । त्यसको अन्तिम निष्कर्ष यहाँबाट निकाल्नु उचित हुँदैन र आवश्यक पनि छैन । तर उनले तेर्साएका प्रश्न भने अनुत्तरित हुँदासम्मका लागि बोझिलो छ ।

न्यायिक मनको प्रयोग भएको भन्ने आधारमा न्यायिक निर्णय प्रक्रियामाथि प्रश्न गर्ने सबै ढोका बन्द गर्न मिल्छ ? नजिर बाध्यकारी हो भने त्यसलाई विचार गरियो कि गरिएन भन्ने प्रश्न परीक्षण गर्न सकिने कुनै आधार हुनुपर्छ कि पर्दैन ? र न्यायिक निर्णय अन्तिम हो भने त्यसको निर्णय प्रक्रियाको गम्भीर त्रुटिका लागि अन्तिमताभित्रै कुनै सीमित सुधारको ठाउँ आवश्यक हुन्छ कि हुँदैन ? यी प्रश्न अदालतको निर्णयलाई कमजोर बनाउने होइन, निर्णय गर्ने न्यायिक प्रक्रियामाथिको विश्वासलाई कसरी बलियो बनाउने भन्ने पनि हो ।

न्यायिक स्वतन्त्रताको रक्षा गर्न न्यायिक मनलाई स्वतन्त्र राख्नुपर्छ । तर, न्यायिक मनको प्रयोग संविधान, कानुन, नजिर र कारणयुक्त निर्णयको सीमाभित्र भएको छ कि छैन भन्ने प्रश्न गर्ने वैधानिक र न्यायिक बाटो पनि रहनुपर्छ । न्यायिक स्वतन्त्रता र न्यायिक उत्तरदायित्वबीचको वास्तविक सन्तुलन यस्तो खोजबाट मात्र सम्भव छ । फैसला अन्तिम हुन सक्छ, तर न्याय गर्ने प्रक्रियाप्रतिको प्रश्न सधैं अनुचित हुन्छ भन्ने निष्कर्षमा पुग्नुअघि न्यायिक मनको प्रयोगलाई परीक्षण गर्ने सम्भावित सीमाबारे पनि सोच्नुपर्ने हुन्छ ।

(पत्रकार कर्ण त्रिभुवन विश्वविद्यालयमा एलएलबीका छात्र पनि हुन् )

# १८२ सांसदभन्दा परको राजनीति



केदार खड्का

नेपालको राजनीतिमा एउटा पुरानो भ्रम छ–संसदमा ठूलो बहुमत भएपछि सरकार स्वतः बलियो र स्थिर हुन्छ । तर विगतको इतिहासले देखाएको छ, सरकारको वास्तविक शक्ति संसदको अंकगणितमा मात्र निर्भर हुँदैन । पार्टीभित्रको एकता, नेतृत्वबीचको विश्वास, संगठनमाथिको पकड, शासनको परिणाम र जनताको निरन्तर समर्थनले सरकारको वास्तविक आयु र प्रभाव निर्धारण गर्छ ।

बालेन्द्र साह 'बालेन' नेतृत्वको वर्तमान सरकारसँग रहेको अभूतपूर्व संसदीय शक्ति महत्वपूर्ण छ । साथै यही शक्तिभित्र आगामी दिनमा कसरी आन्तरिक शक्ति-सन्तुलन विकसित हुन्छ भन्ने प्रश्न पनि त्यतिकै महत्वपूर्ण छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभामा १८२ सिट जितेको छ–२७५ सदस्यीय सदनमा दुई-तिहाइका लागि आवश्यक १८४ सिटभन्दा केवल दुई सिट कम । यो असाधारण जनादेश हो, जसको पछाडि पुरानो राजनीतिक संरचनाप्रतिको असन्तुष्टि, नयाँ पुस्ताको आकांक्षा र परिवर्तनको तीव्र चाहना छ । तर अब प्रश्न बदलिएको छ–बालेन सरकारसँग कति सांसद छन् भन्नेभन्दा ती सांसद र पार्टीभित्रका विभिन्न शक्ति-केन्द्रहरू कति समयसम्म एउटै राजनीतिक दिशामा रहन्छन् भन्ने प्रश्न बढी महत्वपूर्ण हुँदै गएको छ ।

नेपालको राजनीतिक इतिहासले ठूलो बहुमत र दीर्घकालीन स्थायित्वबीच स्वाभाविक सम्बन्ध रहेको प्रमाण दिँदैन । २०१५ सालपछि नेपाली कांग्रेसले स्पष्ट बहुमतसहित सरकार बनायो, तर राजनीतिक तथा संस्थागत संघर्षका कारण त्यो सरकार लामो समय टिक्न सकेन । २०४६ सालपछिको बहुदलीय कालमा पनि स्पष्ट बहुमत प्राप्त सरकारहरू आन्तरिक विवाद र नेतृत्व संघर्षबाट मुक्त रहेनन् ।

२०७४ सालपछि एमाले-माओवादी गठबन्धनले झण्डै दुई-तिहाइ शक्ति हासिल गऱ्यो । दुई दल एकीकृत भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेपछि संसदमा अभूतपूर्व शक्ति केन्द्रित भयो । तर पार्टीभित्रको शक्तिसंघर्ष, नेतृत्व विवाद र संस्थागत असहमतिको परिणामस्वरूप त्यो शक्तिशाली सरकार संकटमा पुग्यो । प्रतिनिधिसभा विघटनसम्बन्धी विवाददेखि नेकपा एकीकरणसम्बन्धी सर्वोच्च अदालतका फैसलासम्मका घटनाले गम्भीर पाठ सिकाएको छ । सरकारको बाहिरी बहुमतभन्दा पार्टीभित्रको आन्तरिक एकता कतिपय अवस्थामा धेरै निर्णायक हुन्छ भन्ने कुरा पनि हेक्का राख्नुपर्दछ ।बालेन सरकारको सन्दर्भमा यो प्रश्न अझ संवेदनशील छ, किनकि सरकारको नेतृत्व र पार्टीको औपचारिक नेतृत्व एउटै व्यक्तिमा केन्द्रित छैन । पार्टी सभापति रवि लामिछाने छन् भने सरकारको नेतृत्व बालेन शाहले गरिरहेका छन् । यस्तो शक्ति-विभाजन लोकतन्त्रमा अस्वाभाविक होइन । तर दीर्घकालीन स्थायित्वका लागि पार्टी सभापति र प्रधानमन्त्रीबीच विश्वास, भूमिका र प्रभावको सीमारेखा स्पष्ट हुन आवश्यक हुन्छ । अन्यथा एउटै राजनीतिक शक्तिभित्र दुई फरक शक्ति-केन्द्र विकसित हुन सक्छन् ।

रवि लामिछानेको पछिल्लो समय संसदमा देखिएको सक्रियता र सरकारका कामकारबाहीमाथिको टिप्पणीलाई पनि यही व्यापक सन्दर्भमा हेर्नुपर्छ । यसलाई तत्कालै सरकार ढाल्ने षड्यन्त्रका रूपमा निष्कर्ष निकाल्नु तथ्यपरक हुँदैन । लोकतन्त्रमा पार्टी सभापति वा सांसदले सरकारका काममाथि प्रश्न उठाउनु स्वाभाविक हो । तर राजनीतिक दृष्टिले यस्ता अभिव्यक्तिले पार्टी, संगठन र सरकारबीचको सम्बन्ध तथा भविष्यको शक्ति-सन्तुलनबारे प्रश्न भने उठाउँछन् । विशेषतः पार्टी सभापति र प्रधानमन्त्री फरक व्यक्ति रहेको अवस्थामा सरकार सफल भए त्यसको राजनीतिक श्रेय कसरी बाँडिन्छ र सरकार कमजोर भए त्यसको जिम्मेवारी कसले लिन्छ भन्ने प्रश्न क्रमशः महत्वपूर्ण बन्न सक्छ ।

२०७४ पछिको ओली सरकार यसको नजिकको उदाहरण हो । जनताले स्थायित्वको आशामा वाम गठबन्धनलाई असाधारण जनादेश दिए । नेकपाले संसदमा अत्यन्त शक्तिशाली उपस्थिति बनायो । तर संसदीय शक्तिलाई पार्टीभित्रको सुदृढ शक्ति-सन्तुलनमा रूपान्तरण गर्न नसक्दा नेतृत्व, सरकार सञ्चालन र पार्टीभित्रको प्रभावलाई लिएर बढेको विवाद राष्ट्रिय राजनीतिक संकटमा परिणत भयो ।

यस घटनाले एउटा गम्भीर सत्य देखायो–कुनै सरकारको सबैभन्दा ठूलो चुनौती संसदमा बस्ने विपक्षी मात्र हुँदैन; कहिलेकाहीं आफ्नै पार्टी परिवारभित्रको असन्तुष्टि अझ शक्तिशाली चुनौती बन्न सक्छ । आज बालेन सरकारसँग १८२ सांसद छन् । तर ती सांसद एउटै राजनीतिक उद्देश्य, अनुशासन र नेतृत्वप्रतिको विश्वासमा कति मजबुत रूपमा बाँधिएका छन् भन्ने कुरा आगामी दिनमा अझ महत्वपूर्ण हुनेछ ।

भारतको भारतीय जनता पार्टी (भाजपा) र नरेन्द्र मोदीको अनुभव यहाँ तुलनात्मक रूपमा उपयोगी हुनसक्छ । मोदी नेतृत्वको भाजपाले सन् २०१४ र २०१९ मा स्पष्ट बहुमत प्राप्त गऱ्यो । २०२४ मा भाजपा एक्लैले बहुमत गुमाए पनि राष्ट्रिय जनतान्त्रिक गठबन्धन (एनडीए) मार्फत मोदीले तेस्रो कार्यकाल निरन्तरता दिए ।यस अनुभवको महत्वपूर्ण पाठ भाजपाको विचारधारा होइन, चुनावी बहुमतलाई संस्थागत राजनीतिक शक्तिमा रूपान्तरण गर्ने क्षमता हो । संगठन, सदस्यता, स्थानीय संरचना, बूथस्तरीय परिचालन, डिजिटल सञ्चार, राजनीतिक प्रशिक्षण, नेतृत्व विकास र निरन्तर जनसम्पर्कले व्यक्तिगत लोकप्रियतालाई दिगो राजनीतिक शक्तिमा बदल्न सक्छ । चुनाव जित्ने क्षमता र देशव्यापी राजनीतिक संगठन सञ्चालन गर्ने क्षमता एउटै कुरा होइन ।

रास्वपाका लागि यही ठूलो चुनौती हो । २०७९ को निर्वाचनबाट २० सिटसहित संसदमा प्रवेश गरेको शक्ति चार वर्षमै १८२ सिटमा पुगेको छ । यो राजनीतिक विस्तार असाधारण छ, तर संगठनात्मक संस्थागतकरणका लागि चार वर्ष लामो समय होइन । अबको चुनौती चुनावी जनादेशलाई संस्थागत शक्ति, दिगो राजनीतिक संस्कृति र परिणाममुखी शासनमा रूपान्तरण गर्नु हो ।

बालेनको राजनीतिक पूँजी परम्परागत पार्टी संगठनबाट मात्र बनेको होइन । भ्रष्टाचारप्रतिको असन्तुष्टि, पुरानो राजनीतिक संस्कृतिप्रतिको वितृष्णा, परिणाममुखी नेतृत्वको चाहना र नयाँ पुस्ताको आकांक्षाले उनको राजनीतिक शक्ति निर्माण गरेको हो । त्यसैले उनीप्रतिको जनअपेक्षा पनि सामान्य प्रधानमन्त्रीप्रतिको अपेक्षाभन्दा ठूलो छ । जनताले उनीसँग केवल सरकार चलाउने होइन, राज्य सञ्चालनको शैली नै बदल्ने अपेक्षा गरेका छन् ।

यही कारणले बालेनले व्यक्तिगत लोकप्रियतालाई संस्थागत राजनीतिक शक्तिमा रूपान्तरण गर्न ढिलो गर्नु हुँदैन । सरकारलाई सफल बनाउन विज्ञ, प्राविधिक, स्थानीय सरकार, नागरिक समाज, निजी क्षेत्र तथा परिणाममुखी अन्य राजनीतिक शक्तिसँग कार्यगत सहकार्य विस्तार गर्न आवश्यक छ । फरक राजनीतिक शक्तिसँग राष्ट्रहितका मुद्दामा सहकार्य गर्नु कमजोरी होइन; आधुनिक लोकतान्त्रिक नेतृत्वको शक्ति हो ।

यसै सन्दर्भमा उज्यालो नेपाल पार्टी र कुलमान घिसिङसँगको सम्भावित कार्यगत सम्बन्धलाई नयाँ कोणबाट हेर्न सकिन्छ । यसलाई तत्कालीन सत्ता साझेदारी वा राजनीतिक गठबन्धनका रूपमा बुझ्नु आवश्यक छैन । बरु सुशासन, समृद्धि, सामाजिक न्याय, ऊर्जा, पूर्वाधार, सार्वजनिक सेवा सुधार, विपद् व्यवस्थापन र आर्थिक रूपान्तरणजस्ता राष्ट्रिय मुद्दामा परिणाममुखी सहकार्यका रूपमा हेर्न सकिन्छ ।

कुलमान घिसिङको सार्वजनिक पहिचान कार्यसम्पादन र परिणामसँग जोडिएको छ । यदि भविष्यमा उज्यालो नेपाल पार्टीजस्तो सुशासन, समृद्धि र सामाजिक न्याय केन्द्रित शक्ति बलियो हुँदै गयो भने त्यस्ता कर्मशील व्यक्तित्व र परिणाममुखी शक्तिसँग सहकार्य गर्नु बालेनका लागि राजनीतिक जोखिमभन्दा बढी संस्थागत शक्ति निर्माणको अवसर हुन सक्छ । यो कुनै पूर्वनिर्धारित राजनीतिक समीकरणको घोषणा होइन; बदलिँदो शक्ति-सन्तुलनमा सम्भावित सहकार्यको एउटा राजनीतिक विश्लेषण मात्र हो ।

नेपालले विगतमा धेरैपटक बहुमत पाएको छ, तर स्थायित्व पाउन सकेको छैन । समस्या केवल विपक्षी दल थिएनन्, धेरैपटक पार्टीभित्रको शक्ति-संघर्ष, नेतृत्वबीचको अविश्वास, संस्थागत कमजोरी र जनताको बढ्दो असन्तुष्टि निर्णायक बने । त्यसैले बालेन सरकारको स्थायित्वलाई केवल 'सरकार ढल्छ कि ढल्दैन ?' भन्ने प्रश्नबाट हेर्नु अपर्याप्त हुन्छ । वास्तविक प्रश्न हो–यस सरकारले आफ्नो असाधारण चुनावी जनादेशलाई कति छिटो संस्थागत, परिणाममुखी र दीर्घकालीन राजनीतिक शक्तिमा रूपान्तरण गर्न सक्छ ?

रविका लागि मूल प्रश्न पार्टी सभापतिको भूमिकालाई सरकारको सफलतासँग कसरी जोड्ने र त्यससँगै स्वस्थ शक्ति सन्तुलन कसरी कायम गर्ने भन्ने हो । त्यस्तै, बालेनका लागि प्रश्न व्यक्तिगत लोकप्रियतालाई संस्थागत क्षमता, बलियो संगठन र व्यापक राष्ट्रिय सहकार्यमा कसरी रूपान्तरण गर्ने भन्ने हो । अन्ततः बहुमतले सरकार बनाउँछ, तर त्यसलाई टिकाउने आधार संगठन हो । सुशासनले जनताको विश्वास निर्माण गर्छ, परिणामले त्यो विश्वासलाई जनसमर्थनमा बदल्छ र व्यापक राष्ट्रिय सहकार्यले राजनीतिक स्थायित्वलाई बलियो बनाउँछ ।

आज बालेन सरकारसँग लगभग दुई-तिहाइ बराबरको संसदीय शक्ति छ । तर भोलिको इतिहासले सांसदको संख्या मात्र गन्ने छैन । इतिहासले सोध्नेछ–त्यो असाधारण जनादेशले नेपाललाई कति असाधारण रूपमा बदल्यो ?

अन्ततः बालेन सरकारको वास्तविक परीक्षा संसद्मा बहुमत जोगाउने मात्र होइन; आफ्नै राजनीतिक परिवारभित्र विश्वास जोगाउने, व्यक्तिगत लोकप्रियतालाई संस्थागत शक्तिमा रूपान्तरण गर्ने, आलोचनालाई सुधारको माध्यम बनाउने र कुलमान घिसिङ तथा उज्यालो नेपाल पार्टीजस्ता कर्मशील शक्ति र व्यक्तित्वसँग राष्ट्रहितका मुद्दामा परिणाममुखी सहकार्य गर्न सक्ने राजनीतिक क्षमता विकास गर्ने हो । यदि यो गर्न सकियो भने बालेन सरकार केवल अर्को पाँचवर्षे सरकार बन्ने छैन; यो नेपालको पुरानो अस्थिर राजनीतिक संस्कृतिबाट नयाँ, संस्थागत र परिणाममुखी राजनीतिक संस्कृतितर्फको संक्रमणको पानीढलो बन्न सक्छ । यदि सकिएन भने इतिहासले फेरि एउटा पुरानो कथा नयाँ पात्रसहित लेख्न सक्छ ।

अनलाइनखबरडटकमबाट साभार ।

# छानबिन समितिका प्रतिवेदन सार्वजनिक गर्न आग्रह



काठमाण्डु । नेपाली कांग्रेसका सांसद नरेन्द्रकुमार केरुङले सरकारले आफैँ गठन गरेका विभिन्न छानबिन तथा अध्ययन समितिका प्रतिवेदन सार्वजनिक गर्न आग्रह गर्नुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको विशेष समयमा सांसद केरुङले नेपालमा गम्भीर घटना भएपछि छानबिन समिति वा आयोग गठन गर्ने र त्यसपछि प्रतिवेदन दराजमा थन्क्याउने संस्कार अझै अन्त्य नभएको बताउनुभयो ।

"कुनै गम्भीर घटना हुन्छ, जनताले प्रश्न गर्छन्, सडकमा दबाब बढ्छ, सरकारले आयोग र समिति बनाउँछ, त्यसपछि प्रतिवेदन बन्छ, अनि त्यो प्रतिवेदन दराजमा थन्किन्छ । पीडित जनता न्याय पर्खेर जीवनभर बस्छन्", उहाँले भन्नुभयो ।

सांसद केरुङले वर्तमान सरकारले पनि विभिन्न विषयमा छानबिन गर्न १० वटा आयोग तथा समिति गठन गरेको उल्लेख गर्दै कतिपय प्रतिवेदन बुझ्नै बाँकी रहेका, कतिपय बुझेर पनि कार्यान्वयन नभएका र कतिपय सार्वजनिक नगरिएका बताउनुभयो । उहाँले विशेषगरी गृहमन्त्रीको सम्पत्ति, सेयर लगानी तथा विवादित व्यवसायीसँगको सम्बन्धबारे छानबिन गर्न पूर्वन्यायाधीश अच्युतप्रसाद भण्डारीको नेतृत्वमा गठित तीन सदस्यीय समितिको प्रतिवेदन सार्वजनिक गर्न माग गर्नुभयो ।

सांसद केरुङले गृह मन्त्रालय शान्तिसुरक्षा तथा अपराध अनुसन्धानसँग सम्बन्धित संवेदनशील मन्त्रालय भएकाले त्यसको नेतृत्व गर्ने व्यक्तिमाथि उठेका प्रश्नको निष्पक्ष छानबिन र त्यसको आधार सार्वजनिक हुनु आवश्यक भएको बताउनुभयो । उहाँले जेन्जी आन्दोलनका क्रममा सुरक्षा निकायको भूमिकाबारे प्रेमराज कार्की नेतृत्वको समितिले तयार गरेको प्रतिवेदनको अवस्थाबारे पनि सरकारसँग जवाफ माग्नुभयो ।

त्यस्तै, सुन तस्करीसँग सम्बन्धित घटनाको अध्ययन गर्न गठित समितिको प्रतिवेदनमा उल्लेखित सिफारिस कार्यान्वयन भए/नभएको जानकारी संसद्लाई दिनुपर्ने उहाँले बताउनुभयो । सांसद केरुङले संविधान संशोधनसम्बन्धी बहसपत्र पनि सार्वजनिक छलफलमा ल्याउन माग गर्नुभयो ।

जेन्जी आन्दोलनसम्बन्धी अध्ययन प्रतिवेदनमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई कारबाहीको सिफारिस गरिएको विषय मात्र सार्वजनिक भएको भन्दै सांसद केरुङले तत्कालीन सुरक्षा अधिकारी, अन्य राजनीतिक पात्र तथा आन्दोलनमा भएको भनिएको घुसपैठ र आन्दोलन कब्जासम्बन्धी विषयमा पनि अनुसन्धान हुनुपर्ने माग गर्नुभयो ।

सरकारले आफू अनुकूल विषयमा मात्रै जवाफदेहिता खोजेको आरोप लगाउँदै सांसद केरुङले प्रतिवेदन सार्वजनिक नगर्ने प्रवृत्तिलाई 'चयनात्मक जवाफदेहिता' को सङ्ज्ञा दिनुभयो । रासस

# जलवायु परिवर्तनको असर न्यूनीकरण तथा व्यवस्थापनका लागि विश्वसमुदायलाई आह्वान गरिने : प्रधानमन्त्री शाह

मुस्ताङ । प्रधानमन्त्री बालेन्द्र साहले जलवायु परिवर्तनका कारण सिर्जित जोखिम तथा विपद् न्यूनीकरण र व्यवस्थापनका पक्षमा विश्वव्यापी सहयोग र सहकार्यका लागि आह्वान गर्ने बताउनुभएको छ ।

प्रधानमन्त्री साहले मुस्ताङमा आयोजित 'घरपझोङ जलवायु सम्मेलन' का क्रममा पठाउनुभएको शुभकामना सन्देशमा जलवायु परिवर्तनबाट हुने असरको न्यूनीकरण तथा व्यवस्थापनसम्बन्धी विषय विश्व समुदायको साझा जिम्मेवारी रहेकाले समाधानका लागि विश्वको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गनुभएको उल्लेख छ ।

प्रधानमन्त्री साहले संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा जलवायु परिवर्तनका कारण नेपालले भोग्नु परिरहेको समस्या, क्षति र समाधानलगायतका विषयमा विश्वसमुदायको ध्यानाकर्षण गराउने प्रतिबद्धता व्यक्त गर्नुभएको शुभकामना सन्देशमा उल्लेख छ ।



यसैगरी, जलवायु परिवर्तनले नेपालको हिमाली, पहाडी र तराई क्षेत्रमा परिरहेको गम्भीर असरबारे राष्ट्रिय तथा अन्तरराष्ट्रिय समुदायलाई ध्यानाकर्षण गराउने पनि प्रधानमन्त्रीको सन्देशमा उल्लेख छ ।

विश्व व्यापीरुपमा तापक्रम वृद्धि हुँदा हाम्रा हिमालहरु पग्लिने, हिम चट्टान टुक्रिने, हिमालहरु फुट्ने हिम नदीहरुको बहाव बढ्ने, पानीका मुहानहरु सुक्दै जाने र मौसममा अप्रत्याशित परिवर्तन आउनेलगायतका समस्याहरु हिमाली क्षेत्रसहित समग्र नेपालीले भोग्नुपरेको तथा जलवायु परिवर्तनका कारण स्थानीयको जनजीवन, कृषि, जैविक विविधितामा पनि असर पर्न थालेको प्रधानमन्त्री साहको सन्देशमा उल्लेख छ । हिमाली जिल्ला मुस्ताङको जोमसोममा 'घरपझोङ जलवायु सम्मेलन' आयोजना भएकामा खुसी व्यक्त गर्नुहँदै प्रधानमन्त्री बालेन्द्र साहले शुभकामना सन्देशमार्फत जलवायु परिवर्तनको असर सामना गर्ने कार्यमा सङ्घ, प्रदेश र स्थानीय तहबीच बलियो सहकार्य हुन आवश्यक रहेको बताउनुभएको छ ।

स्थानीय घरपझोङ गाउँपालिकाले आयोजना गरेको दुईदिने सम्मेलनको आज कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले उद्घाटन गर्नुभएको थियो । सो सम्मेलनमा देशभरका अधिकांश गाउँपालिका तथा नगरपालिकाका प्रमुख एवं जिल्ला समन्वय समितिका प्रमुखहरूको सहभागिता रहेको छ । हिमपहिरोबाट भोटेकोशी हुँदै त्रिशूली नदीमा गएको बाढीले अपुरणीय जनधनसहित भौतिक सम्पत्तिको क्षति पुर्याएको तथा संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा प्रधानमन्त्री साहले सम्बोधन गर्ने कार्यक्रमसहित व्यापक तयारी भइरहेको अवस्थामा भइरहेको सो सम्मेलनलाई महत्वका साथ हेरिएको छ । रासस

## 'डिजिटल पार्लियामेन्ट'को परीक्षण बुधबारदेखि



काठमाण्डु । प्रतिनिधिसभा तथा सचिवालयका कामकारबाहीलाई डिजिटल प्रणालीमा रूपान्तरण गर्ने उद्देश्यले 'डिजिटल पार्लियामेन्ट'को परीक्षण बुधबारदेखि आरम्भ गरिने भएको छ ।

सभामुख डोलप्रसाद अर्यालको सभापतित्वमा मंगलबार बसेको कार्यव्यवस्था परामर्श समितिको बैठकमा डिजिटल पार्लियामेन्टको अवधारणाअनुसार हालसम्म भएका कार्यप्रगति तथा आगामी योजनाबारे सचिवालयले समितिका सदस्यहरूलाई जानकारी गराएको हो । उक्त बैठकमा प्रतिनिधिसभा तथा सचिवालयका कामकारबाहीलाई क्रमशः डिजिटल प्रणालीमा रूपान्तरण गर्ने उद्देश्यले परीक्षणको थालनी गर्न लागिएको जानकारी दिइएको सभामुख अर्यालको सचिवालयले जनाएको छ ।

बैठकमा समितिका सदस्यहरुले डिजिटल पार्लियामेन्टको कार्यान्वयनलाई प्रभावकारी बनाउन विभिन्न राय, सुझाव तथा परामर्श दिनुभएको थियो । प्राप्त सुझावलाई समेट्दै डिजिटल पार्लियामेन्ट कार्यान्वयनलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको हो । रासस

## प्रतिनिधिसभाः

# विपद्को समयमा राष्ट्रिय एकता कायम गर्न सांसदहरूको माग

काठमाण्डु । प्रतिनिधिसभाको आजको विशेष समयमा सांसदहरूले रसुवाको भोटेकोशीमा गएको बाढीबाट प्रभावित क्षेत्रमा राहत तथा पुनर्निर्माणलाई प्रभावकारी बनाउन राष्ट्रिय एकता र अन्तर्राष्ट्रिय कूटनीतिक पहल आवश्यक रहेको बताउनुभएको छ ।



सांसद युवराज दुलालले अन्तर्राष्ट्रिय कूटनीति र राष्ट्रिय एकता कायम गर्दै विपद् प्रभावित क्षेत्रमा राहत तथा पुनर्निर्माणको काम अघि बढाउन सरकारसँग माग गर्नुभयो । रसुवागढी नाका भोटेकोशी बाढीका कारण प्रभावित भएपछि चीनसँगको व्यापारिक आवागमन सहज बनाउन तातोपानी नाका तत्काल सञ्चालनमा ल्याउन कूटनीतिक पहल गर्नुपर्ने उहाँले बताउनुभयो ।

"भोटेकोशी बाढीले सामान बगाएपछि व्यापारीको ठूलो क्षति भएको छ । महँगी बढेको छ, खाना पकाउने ग्यासको अभाव छ । महँगीको मार गरिबको चुलोमा परेको छ", सांसद दुलालले भन्नुभयो, "आपूर्ति सहज बनाउन तातोपानी नाका खोल्न सरकारले आवश्यक कूटनीतिक पहल गर्नुपर्नुपर्छ ।"

सांसद आरेन राईले भोटेकोशीको बाढीबाट प्रभावित क्षेत्रमा उद्धार कार्यमा ढिलाइ हुँदा मानवीय क्षति बढेको बताउनुभयो । उहाँले हाँकुबैंसी क्षेत्रमा सुरुङभित्र रहेका करिब ३०० जना बेपत्ता भएको उल्लेख गर्दै समयमै उद्धार हुन नसक्दा ठूलो क्षति भएको बताउनुभयो । चिलिमे हाइड्रोपावरलगायत विभिन्न जिल्लाका जलविद्युत् आयोजनामा फसेका व्यक्तिको समयमा उद्धार हुन नसक्दा धेरैको ज्यान गएको उहाँको भनाइ छ । सांसद राईले आगामी दिनमा उद्धारमा खटिने सुरक्षाकर्मी तथा अन्य जनशक्तिको सुरक्षालाई समेत उच्च प्राथमिकता दिन सरकारलाई सुझाव दिनुभयो ।

सांसद खुश्बु ओलीले तराई-मधेसमा हुने धार्मिक द्वन्द्व तथा त्यसबाट उत्पन्न तनाव कम गर्न सरकार र सम्बन्धित पक्षले आवश्यक पहल गर्नुपर्ने बताउनुभयो । उहाँले धार्मिक तथा सामाजिक सद्भाव कायम गर्दै राष्ट्रिय एकता बलियो बनाउनुपर्नेमा जोड दिनुभयो ।

सांसद गजाला शमीम मिकरानीले विकसित मुलुकले लामो समयदेखि गरेको हरितगृह ग्यास उत्सर्जनका कारण नेपालजस्ता मुलुकले जलवायु परिवर्तनको असर भोग्नुपरेको बताउनुभयो । उहाँले जलवायुजन्य हानि तथा नोक्सानी सम्बोधन गर्न कोष स्थापना मात्रै पर्याप्त नहुने उल्लेख गर्दै विकसित मुलुकलाई कार्बन उत्सर्जन घटाउन दबाब दिनुपर्ने बताउनुभयो । नवीकरणीय ऊर्जामा लगानी बढाउन अन्तर ाष्ट्रिय समुदायसमक्ष नेपालले बलियो आवाज उठाउनुपर्ने उहाँको भनाइ थियो ।

सांसद प्रकाशसिंह कार्कीले निजी क्षेत्रलाई विश्वासमा लिएर लगानीमैत्री वातावरण निर्माण गर्न सरकारसँग आग्रह गर्नुभयो । उहाँले विपद् प्रतिरोधी पूर्वाधार निर्माणमा जोड दिँदै निजी क्षेत्रलाई अर्थतन्त्रको आधार बनाएर अघि बढ्नुपर्ने बताउनुभयो ।

सांसद एशुदाकुमारी बरालले कर्णाली राजमार्गमा सडक दुर्घटना हुने क्रम नरोकिएको भन्दै सडक सुधार तथा सुरक्षाका लागि तत्काल पहल गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । कर्णालीमा विद्युत्को नाङ्गो तारका कारण नागरिकको ज्यान जाने गरेको उल्लेख गर्दै उहाँले विद्युत् संरचनालाई सुरक्षित बनाउन तथा कर्णालीका सबै क्षेत्रमा विद्युतको पहुँच विस्तार गर्न सरकारसँग आग्रह गर्नुभयो । रासस

# शिक्षामन्त्री पोखरेलसँग बेलायती राजदूतको शिष्टाचार भेटवार्ता

काठमाण्डु । शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र नेपालका लागि संयुक्त अधिराज्य (बेलायत) का राजदूत रब फेनबीच शिष्टाचार भेटवार्ता भएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा मंगलबार भएको भेटमा उहाँहरुबीच नेपालको शिक्षा तथा खेलकुद क्षेत्रमा द्विपक्षीय सहकार्यलाई थप निरन्तरता दिने विषयमा कुराकानी भएको थियो।साथै,नेपाल-बेलायतबीचको ऐतिहासिक सम्बन्ध, आपसी सहयोग तथा आपसी सहकार्यमा केन्द्रित रहेर छलफल भएको थियो । भेटका क्रममा मन्त्री पोखरेलले विद्यालय शिक्षाको सुधारका लागि मन्त्रालयले विभिन्न नीतिगत तथा संरचनागत सुधारका काम अघि बढाइरहेको जानकारी दिनुभयो । उहाँले विद्यालय शिक्षासम्बन्धी महत्वपूर्ण नीतिगत दस्तावेजका रूपमा रहेको शिक्षा ऐन निर्माणको प्रक्रिया अघि बढिरहेको र त्यसमा आवश्यक सुधारका विषयसमेत समेटिने बताउनुभयो । मन्त्री पोखरेलले विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप परिमार्जन, शिक्षकको पेसागत विकास तथा डिजिटल शिक्षाका क्षेत्रमा पनि मन्त्रालयले काम गरिरहेको बताउनुभयो ।



मन्त्री पोखरेलले नेपालको शिक्षा तथा खेलकुद क्षेत्रमा बेलायत सरकारले पुऱ्याउँदै आएको सहयोगप्रति आभार व्यक्त गर्दै मन्त्रालयले अघि बढाएका सुधारका कार्यक्रममा उपयुक्त सन्दर्भमा बेलायत सरकारसँग सहकार्य गर्न तयार रहेको बताउनुभयो । साथै आगामी दिनमा शिक्षा तथा खेलकुद क्षेत्रमा नेपाल-बेलायत सहकार्यलाई निरन्तरता दिने विश्वाससमेत उहाँले व्यक्त गर्नुभयो ।

भेटमा बेलायती राजदूत फेनले नेपालको शिक्षा तथा खेलकुद क्षेत्रसँगको सहकार्य बेलायत सरकारका लागि महत्वपूर्ण रहेको बताउनुभयो । उहाँले शिक्षा क्षेत्रमा बेलायत सरकारले गर्दै आएको सहयोगलाई आगामी दिनमा समेत निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

राजदूत फेनले रसुवाको भोटेकोशी बाढीबाट प्रभावित क्षेत्रका विद्यालयका शिक्षकको पेसागत विकासका लागि ब्रिटिस काउन्सिलमार्फत सहकार्य गर्ने विषयमा छलफल भइरहेको जानकारी दिनुभयो । जलवायुजन्य विपद्को सामना गरिरहेका अवस्थामा बेलायत सरकार नेपाल सरकारका साथमा रहेको उहाँको भनाइ थियो । रासस

# घरपझोङ जलवायु परिवर्तन सम्मेलन शुरु




मुस्ताङ । 'घरपझोङ जलवायु परिवर्तन सम्मेलन २०८३' मंगलबारदेखि यहाँ शुरु भएको छ ।

मुस्ताङको घरपझोङ गाउँपालिकाद्वारा आयोजित सम्मेलनको सङ्घीय कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरील उद्घाटन गर्नुभएको हो । यसअघि प्रमुख अतिथिसहित सातै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि गाउँपालिका कार्यालय जोमसोममा भेला भइ झाँकीसहित सम्मेलनस्थल कभर्डहल पुग्नुभएको थियो । सम्मेलनको उद्घाटन सत्र बिहान करिब तीन घण्टा चल्ने कार्यक्रम निर्धारण गरिएको पालिका अध्यक्ष मोहनसिंह लालचनले जानकारी दिनुभयो ।

उद्घाटन सत्रमा प्रधानमन्त्री वालेन्द्र शाहले पठाउनुभएको शुभकामना सन्देश वाचन गरेर सुनाइएको थियो । उद्घाटन सत्रमा विभिन्न जिल्लाका डेढ दर्जन बढी स्थानीय तहका जनप्रतिनिधिले जलवायु परिवर्तनबाट नेपालका विभिन्न क्षेत्रमा परेको असरका विषयमा केन्द्रित भइ सम्बोधन गर्नुहुने कार्यक्रम छ । सम्मेलनमा हिमाल, पहाड र तराई क्षेत्रमा जलवायु परिवर्तनले पारेका असरका विषयमा गम्भीर रुपमा मन्थन गरिने छ । हरितगृह ग्यास उर्त्सजनका कारण हुने बढ्दो जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण, जलवायु परिवर्तनका कारण हिमाल, पहाड र तराईका स्थानीय तहमा परेको जलवायु असरका विषयमा सम्मेलनमा विशेष छलफल हुनेछ ।रासस

# राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गर्न सरकार प्रतिबद्ध छः परराष्ट्रमन्त्री खनाल

काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र दीर्घकालीन राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गर्न वर्तमान सरकार पूर्ण प्रतिबद्ध रहेको स्पष्ट पार्नुभएको छ । प्रतिनिधिसभाको आजको बैठकमा परराष्ट्रमन्त्री खनालले 'विगतको बोझ' (वल्ड ब्यागेज) भन्ने अभिव्यक्ति नेपालको गरिमामय इतिहास, राष्ट्रिय विरासत, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता तथा राष्ट्रिय हितको रक्षा र ऐतिहासिक दस्तावेजको संरक्षणप्रति लक्षित नभएको स्पष्ट पार्नुभयो ।



बैठकमा सांसद सीता थपलियाले परराष्ट्रमन्त्री खनालले भारत भ्रमणका क्रममा द्विपक्षीय वार्तामा 'वर्तमान सरकारसँग पुरानो ब्यागेज नभएको' अभिव्यक्ति दिनुभएका सन्दर्भमा त्यसको अर्थ, विगतका सरकारका कुन-कुन निर्णय 'ब्यागेज' हुन्, लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटिएको नेपालको नक्सालाई संविधानमा समावेश गर्ने निर्णय 'पुरानो ब्यागेज' हो कि होइन तथा विगतका सरकारका परराष्ट्र नीतिमा के-कस्ता गल्ती भए भन्ने विषयमा प्रश्न गर्नुभएको थियो ।

उक्त प्रश्नको जवाफ दिँदै परराष्ट्रमन्त्री खनालले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रिय सुरक्षा र दीर्घकालीन राष्ट्रिय हितलाई केन्द्रबिन्दुमा राखेर परराष्ट्र नीति सञ्चालन गर्न वर्तमान सरकार पूर्ण प्रतिबद्ध रहेको स्पष्ट पार्नुभयो । नेपालले छमेकी एवं मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई सदैव उच्च प्राथमिकतामा राख्दै आएको उल्लेख गर्दै उहाँले ती देशसँग द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउने दिशामा उच्चस्तरीय भ्रमणहरूको महत्त्वपूर्ण भूमिका रहने विश्वास व्यक्त गर्नुभयो । छिमेकी मुलुक भारत र चीनको पछिल्लो औपचारिक भ्रमणबारे आफूले सदनलाई जानकारी गराइसकेको उहाँले स्पष्ट पार्नुभयो ।

लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटिएको नेपालको राजनीतिक नक्सा र त्यसलाई अनुमोदन गर्ने संविधान संशोधन गर्ने संसद्को सर्वसम्मत निर्णय समग्र नेपाली जनताको साझा राष्ट्रिय सङ्कल्प भएको मन्त्री खनालले बताउनुभयो । "यो हाम्रो संवैधानिक र सार्वभौम दस्तावेज हो, जसलाई कुनै पनि सन्दर्भमा 'बोझ' मान्न सकिँदैन", उहाँले भन्नुभयो । मन्त्री खनालले मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता, सिमानाको रक्षा र स्वाभिमानलाई अक्षुण्ण राख्ने विषय कुनै पनि सरकारको सर्वोपरि एवं स्थायी जिम्मेवारी भएको बताउनुभयो ।

परराष्ट्रमन्त्री खनालले वर्तमान सरकार कुनै पनि पूर्वाग्रह, संकीर्णता र अनावश्यक अविश्वासको बन्दी नबनी पारस्परिक समानता, सम्मान, विश्वास र आर्थिक साझेदारीका आधारमा छिमेकी तथा मित्रराष्ट्रहरूसँगको सम्बन्धलाई रूपान्तरणकारी दिशा दिन चाहेको स्पष्ट पार्नुभयो । "राष्ट्रिय हितलाई सर्वोपरि राख्दै स्पष्ट, परिपक्व र परिणाममुखी कूटनीतिमार्फत मुलुकको आर्थिक समृद्धि हासिल गर्नु नै वर्तमान सरकार र परराष्ट्र मन्त्रालयको स्पष्ट दृष्टिकोण रहेको व्यहोरा अनुरोध छ", मन्त्री खनालले भन्नुभयो । रासस

# गुठी विधेयक चाँडै ल्याइन्छ : मन्त्री रावल

काठमाण्डु । भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री प्रतिभा रावलले गुठी जग्गा व्यवस्थापनका लागि आवश्यक कानुनको तर्जुमा भइरहेको जानकारी दिनुभएको छ ।



प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसदसँगको प्रश्नोत्तर कार्यक्रममा भाग लिँदै मन्त्री रावलले धर्म, सभ्यता, सम्पदा, परम्परा, संस्कृति, अभ्यास, सार्वजनिक सम्पत्तिको संरक्षण आदिलाई ध्यान दिएर कानुनको मस्यौदा भइरहेको जानकारी दिनुभयो । उहाँले विज्ञ र सरोकार भएका व्यक्ति सरकारले घनिभूत अध्ययन र छलफल गरिरहेकाले यथाशीघ्र विधेयक प्रस्तुत गरिने विश्वास दिलाउनुभयो ।

बैठकमा सांसद युवराज दुलालले गर्नुभएको प्रश्नको जवाफ दिँदै मन्त्री रावलले गुठीमा रहेका जग्गाको हक अधिकारबारे सरकार गम्भीर रहेको स्पष्ट गर्दै प्रचलित कानुनबमोजिम मोहियानीमा कमाइ आएको जग्गासमेत खरिद बिक्री गर्न सकिने तथा हक हस्तान्तरण हुने बताउनुभयो ।

उहाँले कानुन बनाएर जग्गा रैकर गर्न सकिने र गुठीमा बनेका घरको लिलामी बैंकले नलिने भएकाले नागरिकलाई पर्ने समस्यालाई सम्बोधन गर्ने कानुन तर्जुमा अवगत गराउनुभयो । मन्त्री रावलले जग्गा खण्डीकृत नगर्न सर्वोच्च अदालतबाट भएको आदेश तथा विगतमा सरका र सम्बन्धित पक्षसँग भएको सहमतिको पालना गर्ने गरी कानुनमा व्यवस्था गरिने पनि बताउनुभयो ।

विगतमा राष्ट्रियसभामा गुठी विधेयक पेस भए पनि विवादका कारण फिर्ता भएको थियो । रासस

# एआई क्षेत्रको दबाबले विश्व सेयर बजार प्रभावित

एएफपी । आर्टिफिसियल इन्टेलिजेन्स (एआई)सम्बन्धी कम्पनीको सेयर मूल्यमा आएको गिरावटसँगै मंगलबार विश्वभरका प्रमुख सेयर बजारमा पनि दबाब देखिएको छ ।

युरोपमा फ्रान्सको सिएसी ४० सूचकाङ्क प्रारम्भिक कारोबारमा शून्य दशमलव आठ प्रतिशतले घटेर आठ हजार ५५ दशमलव ८६ अङ्कमा झरेको छ । जर्मनीको डिएक्स शून्य दशमलव आठ प्रतिशतले घटेर २५ हजार २४८ दशमलव ७५ अङ्कमा पुगेको छ भने बेलायतको एफटिएसइ १०० करिब शून्य दशमलव आठ प्रतिशतले घटेर दश हजार ६१५ दशमलव ४५ अङ्कमा सीमित भएको छ ।




अमेरिकी सेयर बजारमा पनि गिरावटको सङ्केत देखिएको छ । डाउ फ्युचर्स शून्य दशमलव सात प्रतिशतले घटेर ५२ हजार ५०५ अङ्कमा रहँदा एस एन्ड पी ५०० फ्युचर्स शून्य दशमलव छ प्रतिशतले घटेर सात हजार ६५० दशमलव ५० अङ्कमा झरेको छ ।

एसियामा जापानको प्रमुख सूचकाङ्क निक्केई २२५ बिहानी कारोबारमा उकालो लागे पनि दिउँसोको कारोबारमा उक्त वृद्धि गुमाएको थियो । सूचकाङ्क अन्ततः शून्य दशमलव एक प्रतिशतभन्दा कमले घटेर ६३ हजार ४८४ दशमलव १० अङ्कमा बन्द भयो ।

ओपनएआईमा ठूलो लगानी रहेको जापानी कम्पनी सफ्टबैङ्क ग्रुपको सेयर भने टोकियोमा सात दशमलव पाँच प्रतिशतले बढेको छ । यससँगै कम्पनीले अघिल्लो दिनको गिरावट पूर्ति गरेको छ ।

एआई क्षेत्रमा देखिएको बजार दबाब ओपनएआईका प्रमुख कार्यकारी अधिकृत (सीइओ) साम अल्टम्यानको पछिल्लो टिप्पणीपछि थप बढेको हो । उहाँले ' फर्च्युन' पत्रिकालाई दिएको अन्तर्वार्तामा ओपनएआईले वाल स्ट्रिटमा सेयर बिक्री गर्न अर्को वर्षसम्म कुर्नुपर्ने बताउनुभएको थियो । यसले सफ्टबैङ्क तथा ओपनएआईका अन्य प्रारम्भिक लगानीकर्ताले ठूलो मात्रामा नगद प्राप्त गर्ने सम्भावित अवसरमा ढिलाइ हुने देखिएको छ ।

अन्य एसियाली बजारमा पनि गिरावट देखिएको छ । अस्ट्रेलियाको एसएण्डपि/एएसएक्स २०० सूचकाङ्क शून्य दशमलव नौ प्रतिशतले घटेर आठ हजार ६७२ दशमलव ५० अङ्कमा झरेको छ । दक्षिण कोरियाको कोस्पी शून्य दशमलव नौ प्रतिशतले घटेर छ हजार ६२७ दशमलव २६ अङ्कमा पुगेको छ । हङकङको ह्याङ सेङ एक प्रतिशतले घटेर २४ हजार ६६७ दशमलव २४ अङ्कमा झरेको छ भने चीनको साङ्घाई कम्पोजिट शून्य दशमलव पाँच प्रतिशतले घटेर तीन हजार ८६४ दशमलव २८ अङ्कमा सीमित भएको छ ।

एआई प्रविधिमा अत्यधिक उत्साहका कारण यस क्षेत्रका कम्पनीको सेयर मूल्य अस्वाभाविक रूपमा बढेको हुनसक्ने चिन्ताले पनि लगानीकर्ताको धारणा प्रभावित गरेको छ । एआई उद्योगका केही अगुवाले यसको विकासको गति मानव सुरक्षालाई ध्यानमा राख्दै केही सुस्त बनाउनुपर्ने धारणा व्यक्त गरेका छन् ।

मिजुहो बैंकका विश्लेषक एनजी जिङ वेनले एक प्रतिवेदनमा अमेरिकी कम्पनीबीच तथा अमेरिका र चीनबीच जारी तीव्र प्रतिस्पर्धालाई हेर्दा एआई विकासको गति समन्वयात्मक रूपमा सुस्त बनाउने सम्भावना अझै अनिश्चित रहेको बताउनुभएको छ ।

यसैबीच, एन्थ्रोपिकका सीइओ डारियो अमोडेईले एआईको विकासमा जानाजानी र विश्वव्यापी रूपमा केही सुस्तता ल्याउनुपर्ने आह्वान गर्नुभएको छ । उहाँका टिप्पणीले पनि एआई क्षेत्रमा बढ्दो मूल्याङ्कन र विकासको गतिबारे लगानीकर्ताको चिन्ता थप बढाएको छ ।

**तेलको मूल्यमा वृद्धि**

ऊर्जा बजारमा भने कच्चा तेलको मूल्य बढेको छ । अमेरिकी बेन्चमार्क कच्चा तेलको मूल्य दुई दशमलव १९ प्रतिशतले बढेर प्रतिब्यारेल १०३ दशमलव ६१ डलर पुगेको छ । अन्तरराष्ट्रिय बेन्चमार्क ब्रेन्ट कच्चा तेलको मूल्य पनि दुई दशमलव १३ प्रतिशतले बढेर प्रतिब्यारेल १०७ दशमलव ९३ डलर पुगेको छ ।

मध्यपूर्वमा जारी द्वन्द्वका कारण विश्वव्यापी कच्चा तेल आपूर्तिमा अवरोध जारी रहेकाले तेलको मूल्यमा दबाब परेको हो ।

दुई क्षेत्रीय अधिकारीले 'एसोसिएटेड प्रेस'लाई दिएको जानकारीअनुसार, गत साता भएको आक्रमणपछि साउदी अरबको एउटा महत्त्वपूर्ण तेल पाइपलाइन आगामी केही हप्तासम्म अधिकांश समय बन्द रहनेछ । उक्त पाइपलाइनले साउदी अरबलाई तेल निर्यात लाल सागरतर्फ सार्दै फारसको खाडीस्थित स्ट्रेट अफ हर्मुजलाई छल्ने विकल्प प्रदान गर्दै आएको थियो ।

स्ट्रेट अफ होर्मुजमा इरानी आक्रमणका कारण तेल ट्याङ्करको आवागमन अवरुद्ध भएपछि विश्वव्यापी तेल आपूर्तिप्रति चिन्ता बढेको छ ।

मुद्रा बजारमा अमेरिकी डलर १५४ दशमलव ३० येनबाट बढेर १५४ दशमलव ९९ जापानी येन पुगेको छ । युरोको मूल्य भने एक दशमलव १५५७डलरबाट घटेर एक दशमलव १५३३ डलरमा झरेको छ ।

# राखेपविरुद्ध एन्फाको आन्दोलन स्थगित



**टुडे समाचारदाता**

काठमाण्डु । फिफा काउन्सिलबाट निलम्बनमा रहेको अखिल नेपाल फुटबल संघ (एन्फा) ले राष्ट्रिय खेलकुद परिषद् (राखेप) विरुद्ध गर्ने भनेको धर्ना स्थगित गरेको छ ।

'विशेष कारणवश आज बिहान ११:०० बजे गर्ने भनिएको ज्ञापनपत्र बुझाउने, धर्ना तथा पत्रकार सम्मेलन कार्यक्रम अर्को सूचना जारी नभएसम्मका लागि स्थगित गरिएको जानकारी गराउँदछौँ,' एन्फाका प्रवक्ता सुरेश शाहले जारी गरेको सन्देशमा भनिएको छ ।

पहिलो चरणमा कर्मचारीको सहभागितामा धर्ना दिने योजना अनरुप एन्फाले हिजो कर्मचारीलाई छलफलका लागि बोलाएको थियो ।

७० को हाराहारीमा एन्फामा कर्मचारी छन् । एन्फा महासचिव किरण राई, प्रमुख कार्यकारी अधिकृत (सिइओ) इन्द्रमान तुलाधरको नेतृत्वमा भएको छलफलमा त्रिपुरेश्वरस्थित राखेप कार्यालयमा धर्ना सुरु गर्ने सहमति भएको बताइएको थियो ।

फिफाले एन्फामाथि निलम्बन लगाउनुको कारण तेस्रो पक्षको हस्तक्षेप र फिफा विधानको उल्लंघन भएको जनाएको थियो ।

एन्फाको निर्वाचन प्रक्रियालाई लिएर राखेप र एन्फाबीच देखिएको विवाद तथा राखेपको हस्तक्षेपलाई फिफाले आफ्नो सदस्य संघको स्वायत्तताविपरीत मानेको थियो ।

निलम्बनपछि एन्फाको नियमित गतिविधिमा असर पर्नुका साथै कर्मचारीको तलबसमेत रोकिएको छ ।

राखेपका अध्यक्ष समेत रहेका शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलले, राखेप उपाध्यक्ष विशाल श्रेष्ठ, सदस्य सचिव राम चरित्र मेहेताले जापानमा हुने २० औं एसियाली खेलकुदमा जाने तयारीमा रहेका छन् ।

# सुडान तीव्र भोकमरी र विस्थापन संकटमाः राष्ट्रसंघ

एएफपी । संयुक्त राष्ट्रका एक वरिष्ठ अधिकारीले सुडानले विश्वको सबैभन्दा ठूलो भोकमरी र विस्थापन संकटको सामना गरिरहेको चेतावनी दिनुभएको छ। राष्ट्रसङ्घका अनुसार दुई करोड मानिस तीव्र भोकमरीबाट पीडित छन् भने एक करोड ४० लाख विस्थापित भएका छन् । कोषको अभावले संयुक्त राष्ट्र सहायता एजेन्सीहरूलाईसमेत निकट भविष्यमा आवाश्यक अपरेसनहरू सञ्चालनमा बाधा पुगेको छ ।

सुडानको आठ दिने भ्रमणको समापनमा, संयुक्त राष्ट्र विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी) का कार्यवाहक निर्देशक ए कार्ल स्काउले करिब पाँच लाख मानिसहरूले भोकमरीको आपतकालीन स्तरको सामना गरिरहेको बताउनुभएको छ । जसलाई एकीकृत खाद्य सुरक्षा चरण वर्गीकरण (आईपीसी) को चरण ४ अन्तर्गत वर्गीकृत गरिएको छ ।

उहाँले मानवतावादी कार्यकर्ताहरू प्रभावित समुदायहरूमा पुग्न असमर्थ भएकोसमेत बताउनुभयो ।

एक समय करिब १० लाख जनसङ्ख्या भएको र प्रमुख क्षेत्रीय राजधानीका रूपमा सेवा गरेको सहरले अनिकाल र अकल्पनिय अत्याचारसहित १८ महिनाको घेराबन्दीको सामना गरेको उल्लेख गर्दै उहाँले हालको अवस्था अत्यन्तै कठोर रहेको बताउनुभएको छ ।

वर्षौंदेखि आफ्नो परिवारलाई जोगाउन महिलाहरूले अनुरोध गरेको तिरपालसहित राम्रो आश्रयको प्रावधानका साथ केही अवस्था सुधार भएको उहाँले उल्लेख गर्नुभएको छ । डब्लुएफपीले पनि आफ्नो सञ्चालन विस्तार गरेको छ, हाल प्रत्येक महिना एल फासेरमा करिब ९ लाख ५० हजार मानिससम्म पुगेता पनि, सहायता अपर्याप्त भएको जनाइएको छ ।

राष्ट्रसंघका अधिकारीका अनुसार, परिवारहरूले आधा राशन मात्र पाउँछन् यसबाहेक, शिक्षा, स्वास्थ्य सेवा, आश्रय, र बच्चाहरूका लागि सुरक्षित खेल मैदानको गम्भीर अभावका बीचमा आफ्ना पति वा छोराहरू गुमाउने महिलाहरूले परिवार हरूको नेतृत्व गर्छन ।

खडेरीले जनसंख्यामाथि दबाब बढाइरहेको कुरा औंल्याउँदै उहाँले कृषि र पशुधनमा यसको प्रभावबारे स्थानीय समुदायको डरलाई उजागर गर्नुभयो । जोखिमको बावजुद, डब्ल्यूएफपी प्रत्येक महिना ४ देखि ५ लाख मानिसहरू सामु पुग्ने प्रयास जारी राखेको स्काउले बताउनुभयो । अतिरिक्त स्रोतहरू सुरक्षित नगरे आगामी हप्ताहरूमा एजेन्सीले पर्याप्त मात्रामा सञ्चालन घटाउन बाध्य हुन सक्ने चेतावनी दिँदै उहाँले कार्यक्रमको सञ्चालनले अहिले सामना गरिरहेको सबैभन्दा ठुलो बाधा कोषको अभाव भएको कुरामा जोड दिनुभएको छ ।

# बंगलादेशमा आवामी लिगका सात नेताविरुद्ध मृत्युदण्डको फैसला

एएफपी । बंगलादेशको एक अदालतले पूर्वसत्ताधारी दल आवामी लिगका सात वरिष्ठ नेतालाई सन् २०२४ को जनविद्रोहदबाउनेप्रयासमाभूमिका खेलेको अभियोगमा मङ्गलबार अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाएको छ। दोषी ठहरिएकामा दुई पूर्वमन्त्री पनि छन् ।



अदालतले उनीहरूलाई हत्या तथा मानवताविरुद्धको अपराध र हत्याका लागि उक्साएको अभियोगमा दोषी ठहर गरेको हो। सजाय सुनाइएकामध्ये आवामी लिगका पूर्वमहासचिव ओबैदुल कादेर र पूर्वमन्त्री मोहम्मद अली अराफात रहनुभएको छ ।

न्यायाधीश नजरुल इस्लाम चौधरीको नेतृत्वमा रहेको तीन सदस्यीय न्यायाधिकरणले फैसला सुनाएको हो । सरकारी वकिल मोहम्मद अमिनुल इस्लामले फैसलाप्रति खुसी व्यक्त गर्दै भन्नुभयो, "हामी यस फैसलाबाट खुसी छौं ।"

संयुक्त राष्ट्रसंघका अनुसार, सन् २०२४ को जुलाई र अगस्टमा विद्यार्थीको नेतृत्वमा भएको आन्दोलन दबाउने क्रममा तत्कालीन प्रधानमन्त्री शेख हसिनाको सरकारको कारबाहीबाट करिब एक हजार ४०० जनाको मृत्यु भएको थियो ।

हसिनाको १५ वर्ष लामो शासनको अन्त्य अगस्ट २०२४ मा भएको थियो । आन्दोलन चर्किएपछि हसिना हेलिकप्टरमार्फत छिमेकी भारत पुग्नुभएको थियो र हाल त्यहाँ अज्ञात स्थानमा बस्दै आउनुभएको छ । उहाँलाई पनि नोभेम्बर २०२५ मा अनुपस्थितिमै मृत्युदण्डको सजाय सुनाइएको थियो ।

राज्यद्वारा नियुक्त प्रतिरक्षा वकिल एम हसन इमामले सातै जना प्रत्यक्ष रूपमा हत्यामा सङ्लग्न नभएको दाबी गर्दै अदालतले मृत्युदण्डभन्दा कम सजाय दिन सक्ने बताउनुभएको छ ।

"उनीहरू हत्यामा प्रत्यक्ष सङ्लग्न थिएनन्। आफ्ना सहकर्मी कार्यकर्ता र समर्थकको गतिविधिका कारण उनीहरूलाई दोषी ठहर गरिएको हो," उहाँले भन्नुभयो ।

मृत्युदण्ड सुनाइएकामध्ये अन्य पाँच जना एएफएम बहाउद्दिन नसिम, शेख फजले शम्स पराश, माइनुल हुसेन खान निखिल, सद्दाम हुसेन र शेख वली आसिफ इनान हुन् ।

अदालतले तीमध्ये पाँच जनाको आधा सम्पत्ति आन्दोलनका क्रममा मारिएका वा घाइतेहरूका परिवारलाई क्षतिपूर्तिका रूपमा वितरण गर्नसमेत आदेश दिएको छ ।

मङ्गलबारको फैसलासँगै सन् २०२४ को आन्दोलनसँग सम्बन्धित मुद्दामा दोषी ठहर हुनेहरूको कुल सङ्ख्या ६८ पुगेको छ । तीमध्ये २२ जनालाई मृत्युदण्ड सुनाइएको छ। तर चार जना मात्रै हाल हिरासतमा छन् ।

हसिनाले अदालतको अधिकार क्षेत्र स्वीकार गर्न अस्वीकार गर्दै आउनुभएको छ । हसिना सत्ताच्युत भएपछि भएको पहिलो निर्वाचनमा फेब्रुअरीमा भारी बहुमतसहित विजयी भएको प्रधानमन्त्री तारिक रहमान नेतृत्वको सरकारले हसिनालाई सुपुर्दगी गर्न भारतसमक्ष अनुरोध गरेको छ ।

यद्यपि, ७८ वर्षीया हसिनाले आफूलाई मृत्युदण्डको सजाय सुनाइए पनि डिसेम्बरमा स्वेच्छाले बङ्गलादेश फर्कने बताउनुभएको छ ।

# चितवन राइनोजसँग हिमालयन एभरेष्टको सहकार्य कायमै

**टुडे समाचारदाता**

काठमाण्डु । हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडले नेपाल प्रिमियर लिग (एनपिएल) तेस्रो सिजनका लागि चितवन राइनोजसँगको साझेदारीलाई निरन्तरता कायमै राखेको छ ।



यससँगै हिमालयन एभरेष्ट इन्स्योरेन्स र चितवन राइनोजबीच लगातार दोस्रो पटक सहकार्य भएको हो ।

हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेडको बबरमहलस्थित मुख्य कार्यालयमा आयोजित कार्यक्रममा कम्पनीकी प्रमुख कार्यकारी अधिकृत अञ्जु श्रेष्ठ र चितवन राइनोजका अध्यक्ष आयुष न्यौपानेले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् ।

दशैंपछि सुरु हुने एनपिएलमा राइनोजको जर्सीमा हिमालयन एभरेष्ट इन्स्योरेन्सको लोगो हुनेछ । सम्झौता कार्यक्रममा हिमालयन एभरेष्ट इन्स्योरेन्सकी प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले नेपाली क्रिकेटको लोकप्रियता र विकासमा निजी क्षेत्रको साझेदारी महत्वपूर्ण रहेको बताइन् । उनले टिमलाई सफलताको लागि अग्रिम शुभकामना पनि दिइन् ।

त्यस्तै, चितवन राइनोजका अध्यक्ष आयुष न्यौपानेले हिमालयन एभरेष्ट इन्स्योरेन्ससँगको सहकार्यलाई निरन्तरता दिन पाउँदा खुसी लागेको र आफ्नो टिमले उत्कृष्ट प्रदर्शन गर्ने लक्ष्य लिएको छ ।

हिमालयन एभरेष्ट इन्स्योरेन्सले नेपाली खेलकुद तथा क्रिकेटको विकास र प्रवर्द्धनमा निजी क्षेत्रको सहभागिता आवश्यक रहेको विश्वास गर्दै विभिन्न खेल गतिविधिमा सहकार्य गर्दै आएको छ ।

चितवन राइनोजसँगको दोस्रो पटकको साझेदारीले कम्पनीको खेलकुद क्षेत्रप्रतिको प्रतिबद्धतालाई थप बलियो बनाउने जनाइएको छ ।

# सुदूरपश्चिम रोयल्स र प्राइम टायल्सको सहकार्य

**टुडे समाचारदाता**

काठमाण्डु । सुदूरपश्चिम रोयल्सले प्राइम टायल्सलाई आफ्नो आधिकारिक प्रिमियम भिट्रिफाइड टायल्स पार्टनरका रूपमा अनुबन्ध गरेको छ ।




प्राइम टायल्सका अध्यक्ष आशिष गर्ग र सुदूरपश्चिम रोयल्सका सिइओ प्रकाश खड्काबीच सम्झौतापत्रमा हस्ताक्षर भयो ।

यस साझेदारीसँगै प्राइम टायल्सले एनपीएलको तेस्रो संस्करणभर सुदूरपश्चिम रोयल्ससँग सहकार्य गर्दै नेपाली क्रिकेट र स्थानीय खेल प्रतिभाको विकासमा साथ दिने जनाएको छ ।

प्राइम टायल्सका अध्यक्ष गर्गले यो साझेदारी ब्रान्डको प्रचारभन्दा पनि नेपाली समुदाय र क्रिकेटसँगको प्रतिबद्धताको विस्तार भएको बताए ।

गर्गले भने, 'प्राइम टायल्सले स्वदेशी उत्पादनमार्फत नेपालीहरूसँग जोडिने प्रयास गर्दै आएको छ। सुदूरपश्चिम रोयल्ससँगको यो साझेदारीले हामीले सेवा गर्ने समुदायसँग सँगै अघि बढ्ने हाम्रो विश्वासलाई अझ मजबुत बनाएको छ । क्रिकेट आज नेपालीहरूलाई एकताबद्ध गर्ने शक्तिशाली माध्यम बनेको छ ।

उनले थपे, 'यो सहकार्य केवल ब्रान्डको उपस्थितिका लागि होइन, नेपाली क्रिकेटलाई साथ दिन, स्थानीय प्रतिभालाई प्रोत्साहन गर्न र एनपीएलले देशभर सिर्जना गर्ने उत्साह र गौरवको हिस्सा बन्नका लागि हो। सुदूरपश्चिम रोयल्सले प्रतिनिधित्व गर्ने जोश, दृढता र कहिल्यै हार नमान्ने भावना प्राइम टायल्सका मूल्यसँग मेल खान्छ ।'

'प्राइम टायल्स जस्तो स्वदेशी र विश्वासिलो ब्रान्ड सुदूरपश्चिम रोयल्ससँग जोडिनु हाम्रो लागि खुसीको विषय हो । सुदूरपश्चिम रोयल्सका सिइओ प्रकाश खड्काले भने, 'एनपीएलको तेस्रो संस्करणमा हामी मैदानभित्र उत्कृष्ट प्रदर्शनसँगै मैदानबाहिर पनि नेपाली ब्रान्डहरूसँग दीर्घकालीन सहकार्य निर्माण गर्ने लक्ष्यमा छौं। प्राइम टायल्ससँगको यो साझेदारीले नेपाली क्रिकेट र नेपाली उद्योग दुवैलाई सँगै अघि बढाउने विश्वासलाई थप बलियो बनाएको छ ।'

# ट्रम्प-सी भेटअघि इरानी विदेशमन्त्री चीनमा, वाङ यीसँग वार्ता

एएफपी । इरानका विदेशमन्त्री अब्बास अराघचीले यसै साता चीनको भ्रमण गर्नुहुने भएको छ । भ्रमणका क्रममा उहाँले आफ्ना चिनियाँ समकक्षी वाङ यीसँग भेटवार्ता गर्ने चीनको विदेश मन्त्रालयले मङ्गलबार जनाएको छ ।



मन्त्रालयका अनुसार दुई विदेशमन्त्रीबीच बुधबार वार्ता हुनेछ । दुबैले गत साता दिल्लीमा आयोजित ब्रिक्स सम्मेलनमा साइडलाईन भेटवार्ता गर्नुभएको थियो ।

अमेरिका र इरानबीच महिनौँदेखि जारी द्वन्द्व अन्त्यका लागि मध्यस्थताको प्रयास गरिरहेको चीनमा अराघचीको भ्रमण हुन लागेको हो । चीन इरानको प्रमुख आर्थिक साझेदारमध्ये एक हो। उसले इरानको ठूलो परिमाणको तेल खरिद गर्दै आएको छ भने कूटनीतिक रूपमा पनि तेहरानलाई महत्वपूर्ण समर्थन गर्दै आएको छ।

दुई विदेशमन्त्रीबीचको वार्ता चिनियाँ राष्ट्रपति सी जिनपिङको वासिङ्टन भ्रमणको ठीक एक साताअघि हुन लागेको हो । सीले उक्त भ्रमणका क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पसँग भेटवार्ता गर्ने कार्यक्रम छ । सी-ट्रम्प भेटवार्तामा व्यापार र कृत्रिम बुद्धिमत्ता (एआई)सम्बन्धी प्रतिस्पर्धालगायतका जटिल मुद्दासँगै अमेरिका-इरान द्वन्द्व पनि प्रमुख चासोको विषय बन्ने अपेक्षा गरिएको छ।

यसैबीच, जोर्डनमा अमेरिकी सेना रहेको सैन्य आधारमा इरानी आक्रमण हुनुअघि र पछि चीनका निकायले तेहरानलाई स्याटेलाइट तस्बिर उपलब्ध गराएको भन्ने हालैका समाचारलाई बेइजिङले खण्डन गरेको छ । उक्त आक्रमणमा तीन अमेरिकी सैनिकको मृत्यु भएको थियो ।

चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता गुओ जियाकुनले सोमबार नियमित पत्रकार सम्मेलनमा चीनमाथि लगाइएका आरोपको खण्डन गर्दै भन्नुभयो, "हामी प्रमाणविहीन शङ्का र आरोपको दृढतापूर्वक विरोध गर्छौं ।"

'वाल स्ट्रिट जर्नल'मा प्रकाशित उक्त समाचारले आगामी साता हुने भनिएको सी-ट्रम्प भेटवार्ताअघि वासिङ्टन र बेइजिङबीचको तनाव थप बढ्न सक्ने आशङ्का जन्माएको छ।

अमेरिकी राष्ट्रपति ट्रम्पले चीनलाई इरानलाई हतियार नबेच्न चेतावनी दिँदै आउनुभएको छ । यसअघि वासिङ्टनले इरानको सैन्य गतिविधिलाई सहयोग गरेको आरोपमा मे महिनामा चीनमा आधारित तीन स्याटेलाइट कम्पनीमाथि प्रतिबन्ध लगाएको थियो ।



# दास किराना पसललाई दुई लाख जरिवाना

झापा । दास किराना पसललाई रु दुई लाख जरिवाना गरिएको छ । जिल्ला प्रशासन कार्यालय, झापाले म्याद गुज्रिएको पशुदाना बिक्री गरेको कसुरमा उक्त जरिवाना गरिएको हो ।

मेचीनगर नगरपालिका-९ स्थित उक्त किराना पसलले उपभोक्तालाई समय नाघेका पशुदान बिक्री गरिएकाले जरिवाना गरिएको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार पोखरेलले जानकारी दिनुभयो ।



खाद्य प्रविधि कार्यालय भद्रपुरका अनुसन्धान अधिकृत सुवासचन्द्र ओस्तीको टोलीले पसलमा अनुगमन गरेको थियो । समय नाघेका पशुदाना बिक्री वितरण गरेको ठहरसहितको अनुगमन प्रतिवेदन प्राप्त भएपछि दास किराना पसललाई खाद्य सुरक्षा ऐनको दफा ३९ (ज) बमोजिम रु दुई लाख जरिवाना गरिएको हो ।

अनुगमनका क्रममा वीरगञ्ज उपमहानगरपालिका-२१ स्थित प्रो-बायोटेक इन्डस्ट्रिज लिमिटेडद्वारा उत्पादित 'शक्ति ब्रान्ड' का बी-२१, बी-२२, बी-२३ र बी-२४ ब्याच नम्बरका १४ बोरा अर्थात ४९० किलोग्राम पशुदाना म्याद नाघेको अवस्थामा पसलबाट भदौ २२ गते दाना बरामद गरिएको थियो ।

बरामद पशुदानाको बोरामा उत्पादन विसं २०८३ जेठ ६ गते र उपभोग्य अवधि ६० दिन भनेर उल्लेख छ । उक्त पसलले भदौ १४ गते एक बोरा पशुदाना स्थानीय जयप्रसाद आचार्यलाई बिक्री गरेको पाइएको थियो । सो पशुदाना खाएर उहाँले पालेको गाई बिरामी भएको थियो । बिरामी गाईको उपचारमा रु चार हजार खर्च भएको आचार्यले बताउनुभयो ।

प्रचलित बजारको तुलनामा दोब्बरभन्दा बढी मूल्यमा काँडेतार बिक्री गरिरहेको भन्ने गुनासो प्राप्त भएपछि बुद्धशान्ति गाउँपालिका-३ बुधबारेस्थित शिवम् ट्रेड एण्ड सप्लायर्समा आन्तरिक राजस्व कार्यालय झापा र जिल्ला प्रशासन कार्यालय झापाले सोमबार संयुक्त अनुगमन गरेका छन् ।

आन्तरिक राजस्व कार्यालय भद्रपुरका कर अधिकृत डिल्लीराम चौलागाईंको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय झापाका प्रतिनिधि यदुनन्दनसमेत रहनुभएको टोलीले उक्त पसलको अनुगमन गरेको थियो ।

अनुगमनको क्रममा शिवम् ट्रेड एण्ड सप्लायर्सका प्रोपाइटर नारायण कडरियालाई तीन दिनभित्र आर्थिक वर्ष २०८२/८३ का बिल विजक, खाता र अन्य कागजातसहित आन्तरिक राजस्व कार्यालय भद्रपुरमा उपस्थित हुन लिखित निर्देशन दिइएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

बजारमा प्रतिकेजी रु १२५ मा पाइने काँडेतारलाई उक्त पसलले प्रतिकेजी रु ३६० सम्ममा बिक्री गरेको बिल र रकम भुक्तानीको प्रमाणसहित पीडित उपभोक्ताले प्रशासनमा उजुरी दिनु भएपछि पसलमा अनुगमन गरिएको जनाइएको छ । रासस

# उपभोक्तालाई सहुलियत हुनेगरी बजार व्यवस्थापन गर्न सांसदहरूको माग



काठमाण्डु । प्रतिनिधिसभाको आजको विशेष समयमा सांसदहरूले किसानले उत्पादनको उचित मूल्य नपाउने र उपभोक्ताले त्यही वस्तु महँगोमा खरिद गर्नुपर्ने अवस्थाको अन्त्य गर्न सरकारसँग माग गर्नुभएको छ ।

सांसद सुशीला ढकाल आचार्यले किसानले उत्पादनको उचित मूल्य नपाउने तर उपभोक्ताले महँगोमा वस्तु खरिद गर्नुपर्ने अवस्था अन्त्य गर्न बजारमा हुने कृत्रिम मूल्यवृद्धि नियन्त्रणका लागि सरकारले प्रभावकारी पहल गर्नुपर्ने बताउनुभयो ।

यसैगरी, सांसद गणेश कार्कीले सांसदको गरिमा पहिरनबाट नभई कामबाट स्थापित हुने बताउनुभयो । मुलुकको भविष्य परिवर्तन गर्ने जिम्मेवारी पाएका सांसद आफैं पनि परिवर्तन हुनुपर्ने उहाँको भनाइ छ ।

सांसद राधिका रम्तेलले विपद्को जोखिममा रहेका नागरिकलाई सुरक्षित बनाउन दीर्घकालीन डुबान नियन्त्रणका काम अघि बढाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले विगतमा वीरेन्द्रनगरमा भएको डुबानको घटना पुनःदोहोरिन नदिन आवश्यक पूर्वतयारी गर्नुपर्ने बताउनुभयो ।

सांसद प्रभा कार्कीले खाना पकाउने एलपी ग्यासको अभावका कारण उपभोक्ता मारमा परेको भन्दै आपूर्ति सहज बनाउन सरकार गम्भीर हुनुपर्ने बताउनुभयो ।

सांसद बसुमाया तामाङले भोटेकोशी बाढीबाट धेरै नागरिक घरबारविहीन भएको उल्लेख गर्दै वृद्धवृद्धा तथा बालबालिका बढी प्रभावित भएको बताउनुभयो । प्रभावितको सुरक्षित पुनःस्थापना तथा पुनर्वासका लागि विशेष पहल गर्न सरकारसँग उहाँले आग्रह गर्नुभयो ।

सांसद डा आनन्दबहादुर चन्दले कृत्रिम बौद्धिकता (एआई) का विषयमा नेपालमा पर्याप्त अनुसन्धान हुन नसकेको बताउँदै यसलाई प्राथमिकतामा राखेर अनुसन्धान अघि बढाउनुपर्नेमा जोड दिनुभयो । विश्वविद्यालयमा एआईसम्बन्धी विषयको अध्ययन अध्यापनको व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ ।


सांसद गोविन्द पन्थीले भोटेकोशी बाढीमा बेपत्ता भएका व्यक्तिको शव फेला नपरेका कारण प्रमाणको अभावमा मृत्यु घोषणा गर्न नसक्दा पीडित परिवारले विभिन्न समस्या भोग्नुपर्ने अवस्था आउनसक्ने बताउनुभयो ।

सांसद बुद्धिप्रसाद पन्थले स्थानीय तहमा भ्रष्टाचार बढ्दै गएको भन्दै आर्थिक समस्या समाधानसँगै पारदर्शिता र जवाफदेहिता कायम गर्न आवश्यक रहेको बताउनुभयो ।

सांसद ललिताकुमारीले वातावरणमैत्री पूर्वाधार विकासमा जोड दिनुभयो । मधेसमा जलवायु परिवर्तनका असर दैनिक जनजीवनमै देखिन थालेको उल्लेख गर्दै विकास निर्माणका कामलाई वातावरणमैत्री बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सोम शर्माले जेन्जी आन्दोलनमा संलग्न व्यक्तिहरूलाई तत्काल रिहा गर्न माग गर्नुभयो । रासस

## नेप्से परिसूचक ४८ दशमलव ५७ अङ्कले बढ्यो



काठमाण्डु । धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक मंगलबार उच्च अंकले बढेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ४८ दशमलव ५७ अङ्कले बढेर दुई हजार ६३३ दशमलव ६२ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलव १९ अङ्कले बढेर ४६७ दशमलव ४५ मा पुगेको छ ।

त्यस्तै फ्लोट सूचक तीन दशमलव ५६ अङ्कले बढेर १८१ दशमलव १३ मा पुगेको छ । त्यस्तै सेन्सेटिभ फ्लोट सूचक तीन दशमलव १३ अङ्कले बढेर १५७ दशमलव ९१ मा पुगेको छ ।

विभिन्न कम्पनीका दुई करोड तीन लाख ८७ हजार ४१३ कित्ता सेयर रु आठ अर्ब २९ करोड १७ हजार ११५ मूल्यमा खरिद बिक्री भएको छ ।

सबै उपसमूहमा सकारात्मक देखिएका छन् । कूल २६५ कम्पनीको सेयर बढ्यो भने १२ कम्पनीको सेयर घट्यो । त्यसैगरी एक कम्पनीको सेयर स्थिर रह्यो ।

नेप्सेका अनुसार धौलागिरी लघुवित्त वित्तीय संस्था, सिन्धु विकास बैङ्क र मल्टिप्रपोज फाइनान्स कम्पनीलगायतका लगानीकर्ताले कमाएका छन् भने एभरेष्ट बैङ्क, केबिएल डिबेञ्चर बोटर्लस नेपाल बालाजुलगायत लगानीकर्ताले गुमाएका छन् । रासस

# भोटेकोशी बाढीपीडितका लागि एक करोड ७१ लाख सहयोग

पाल्पा । भोटेकोशी बाढीबाट प्रभावित नागरिकको राहत, उद्धार तथा पुनःस्थापनाका लागि यहाँका स्थानीय तहले रु एक करोड ७१ लाख ३१७ सहयोग गर्ने निर्णय गरेका छन् ।

रैनादेवी छहरा, माथागढी, तिनाउ, पूर्वखोला, रिब्दीकोट, रम्भा, बगनासकाली, निस्दी गाँउपालिका र रामपुर तथा तानसेन नगरपालिकाले बाढीपीडितका लागि राहत स्वरुप उक्त रकम सहयोग गर्ने निर्णय गरेका हुन् ।



भोटेकोशी क्षेत्रमा बाढीका कारण ठूलो जनधनको क्षति भएपछि स्थानीय तह, सङ्घसंस्था तथा विभिन्न क्षेत्रबाट राहत र पुनःस्थापनाका लागि सहयोग जुटाउने क्रम चलिरहेका बेला यहाँका स्थानीय तहले आर्थिक सहायत दिने निर्णय गरेका हुन् । रैनादेवी छहरा गाउँपालिकाले रु ३५ लाख ४४ हजार ३४५ राहत उपलब्ध गराउने निर्णय गरेको छ । पालिकाले स्थानीय विपद् व्यवस्थापन कोषबाट रु दुई लाख ५० हजार, जनप्रतिनिधिबाट रु दुई लाख पाँच हजार ९५०, कर्मचारीबाट रु छ लाख ४८ हजार ८१, शिक्षकबाट रु २४ लाख २५ हजार ३१४ र तीज गीत कार्यक्रमलाई छुट्याएको १५ हजार बजेट कटौती गरी प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा पठाउने निर्णय गरिएको अध्यक्ष रुक्माङ्गत भट्टराईले बताउनुभयो ।

विपद्का बेला मानवीय सहयोग र स्थानीय सरकारको सामाजिक उत्तरदायित्वलाई ध्यानमा राख्दै कार्यपालिकाले सहयोग गर्ने निर्णय गरेको उहाँले बताउनुभयो । माथागढी गाउँपालिकाले रु ३४ लाख ४६ हजार, रिब्दीकोट गाउँपालिकाले रु ३१ लाख ५० हजार पूर्वखोला गाउँपालिकाले रु २९ लाख ७५ हजार ९७२, बगनासकाली गाउँपालिकाले रु दुई लाख ५० हजार, रामपुर नगरपालिकाले रु दुई लाख ५० हजार, रम्भा गाउँपालिकाले रु दुई लाख ५० हजार र निस्दी निस्दी गाउँपालिकाले रु एक लाख कोषमा जम्मा गर्ने निर्णय गरेका छन् ।

रामपुर नगरपालिकाले प्रत्येक वर्ष गर्दै आएको उपप्रमुख तीज विशेष कार्यक्रम स्थगित गरेको छ । जिल्ला प्रशासन कार्यालय पाल्पामा भदौ १३ गते बसेको सर्वदलीय तथा सर्वपक्षीय बैठकले समेत बाढीपीडितका लागि राहत सामग्री सङ्कलन तथा पठाउने कार्यलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन एकद्वार प्रणाली अपनाउने निर्णय गरेको छ । रासस

# दूध उत्पादन बढाउन अनुदान



दमौली । तनहुँमा दूध उत्पादनमा संलग्न किसानलाई प्रोत्साहन गर्ने उद्देश्यले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले अनुदान उपलब्ध गराएको छ ।

केन्द्रले आर्थिक वर्ष २०८२/८३ मा उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमअन्तर्गत रु ८० लाख ११ हजार अनुदान वितरण गरेको हो । भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र तनहुँका पशु स्वास्थ्य प्राविधिक रुद्रसिंह ठकुरीका अनुसार जिल्लाका १३ वटा दुग्ध उत्पादक सहकारी संस्थामार्फत किसानलाई प्रोत्साहन रकम उपलब्ध गराइएको हो ।

कार्यक्रमअन्तर्गत सहकारी संस्थाबाट सङ्कलन भएको ३० लाख २० हजार ३२२ लिटर दूधमा प्रतिलिटर रु तीनका दरले प्रोत्साहन रकम प्रदान गरिएको थियो । उत्पादनका आधारमा किसानलाई अनुदान उपलब्ध गराउँदा दूध उत्पादनमा संलग्न किसानलाई व्यावसायिक पशुपालनतर्फ आकर्षित गर्न सहयोग पुगेको ठकुरीको भनाइ छ ।

उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमले किसानलाई बढी दूध उत्पादन गर्न उत्प्रेरित गरेको उहाँले बताउनुभयो । दूध बिक्रीबाट प्राप्त आम्दानीसँगै उत्पादनका आधारमा अतिरिक्त प्रोत्साहन रकम प्राप्त हुने भएपछि किसानमा पशुपालन व्यवसायप्रति थप आकर्षण बढेको उहाँको भनाइ छ । रासस

# प्रयोगविहीन जमिनमा सुन्तलाखेती विस्तार गर्दै भोजपुरका किसान

भोजपुर । भोजपुरको टेम्केमैयुङ गाउँपालिका-५ खावाका किसान व्यावसायिक सुन्तला खेतीतर्फ आकर्षित हुँदै गएका छन् ।

परम्परागत अन्नबालीबाट सीमित आम्दानी हुने भएपछि कृषकले सुन्तलाखेतीलाई वैकल्पिक तथा दिगो आम्दानीको स्रोतका रूपमा अपनाउन थालेका हुन् । केही वर्षअघिसम्म सामान्य घरायसी प्रयोजनका लागि मात्रै सीमित रहेको सुन्तलाखेती अहिले व्यावसायिक रूपमा विस्तार हुँदै गएको छ । गाउँका धेरै किसानले आफ्नो खाली तथा कम उपयोगमा आएका जमिनलाई व्यवस्थित रूपमा उपयोग गर्दै सुन्तला बगैँचा विस्तार गरेका छन् ।

स्थानीय किसान सुन्तला खेतीप्रति उत्साहित देखिएका छन् । कृषक चण्डालकुमार राईले व्यावसायिक रूपमा सुन्तलाखेती गर्दा अन्य बालीको तुलनामा राम्रो आम्दानी लिन सकिने बताउनुभयो । "सुन्तला खेतीसँगै बिरुवा उत्पादन गरेर बिक्री गर्दा थप आम्दानी लिन सकिएको छ", उहाँले भन्नुभयो, "यसले घर खर्च चलाउनसँगै बचत गर्नसमेत सहयोग पुगेको छ । पछिल्लो समयमा खावा केराबारीका किसान व्यावसायिक सुन्तलाखेतीमा जुटेका छन् ।"

खावा केराबारीको हावापानी, माटोको बनावट र उचाइ सुन्तलाखेतीका लागि अत्यन्त अनुकूल मानिन्छ । यहाँ उत्पादन हुने सुन्तलाको स्वाद, गुणस्तर र आकार राम्रो हुने भएकाले बजारमा यसको माग उच्च रहेको स्थानीय किसान देउराम राईले बताउनुभयो । यदि व्यवस्थित रूपमा खेती विस्तार गर्न सकिएमा खावा क्षेत्र जिल्लाकै प्रमुख सुन्तला उत्पादन केन्द्रका रूपमा स्थापित हुन सक्ने सम्भावना रहेको उहाँको भनाइ छ ।

वडाध्यक्ष सुनिल राईले कृषि क्षेत्रको विकास गर्दै किसानको जीवनस्तर उकास्ने उद्देश्यले वडाले सुन्तलाखेती प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो । "हामीले किसानलाई प्राविधिक सहयोगसँगै गुणस्तरीय बिरुवा वितरण गर्दै आएका छौं", वडाध्यक्ष राईले भन्नुभयो । रासस

## भूमिसुधार तथा भूमि प्रशासन कार्यालय, जनकपुरधाम धनुषा

### हकभोग तथा हकदार सम्बन्धी ३५ (पैतिस) दिनै सार्वजनिक सुचना

जिल्ला धनुषा धनुषा गोविन्दपुर-६ हाल धनुषाधाम नगरपालिका वडा नं. २ मा बस्ने देव नारायण साह तेली को श्रीमती राम सुनैर देवी साह तेलीको आफ्नो कालगतीले मृत्यु भै निजको हकखाने पति देवनारायण साह तेली पनि आफ्नो कालगतीले मृत्यु भै हकखाने हकदार निज दम्पत्तिबाट छोराको जाय जन्म नभई १ एक मात्र छोरीको जाय जन्म भएकोमा छोरी सशीकला कुमारी साहले मेरो बुवाको नाम तपसिलमा उल्लेखित जग्गा मेरो नाउँमा एकलौटी नामसारी गरी पाउँ भनि माँग निवेदन र सोही बमोजिम व्यहोराको धनुषाधाम नगरपालिका वडा नं. २ को वडा कार्यालयको च.नं. १४७२ मिति २०८३/०३/१५ गतेको किटानी सिफारिस पत्र र वडा मुचुल्का समेत भै आएको ।

यसमा रामसुनैर देवी साह तेलीको मृत्यु पश्चात निजको नाममा दर्ता कायम रहेको जग्गाको हकभोग तथा हकदार यि निवेदक सशीकला कुमारी साह बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा यी निवेदकको नाममा एकलौटी नामसारी हुनु नपर्ने कुनै कारण भए यो सुचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफू सँग भएको सबुत प्रमाण लिई यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएपछि कानून बमोजिम भई जाने व्यहोरा सबैमा यसै सुचना द्वारा सुचित गरिएको छ ।

तपसिल

| जिल्ला | गा.पा / न.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल | जग्गा धनी |
|---|---|---|---|---|---|
| धनुषा | धनुषा गोविन्दपुर | ७क | १४५१ | ०-०-११-० | राम सुनैर देवी साह तेली |
| धनुषा | धनुषा गोविन्दपुर | ७क | १४५५ | ०-०-५-० | राम सुनैर देवी साह तेली |
| धनुषा | धनुषा गोविन्दपुर | ६क | ६०५ | ०-०-९-१ | राम सुनैर देवी साह तेली |
| धनुषा | धनुषा गोविन्दपुर | ६क | ६०९ | ०-०-११-४ | राम सुनैर देवी साह तेली |
| धनुषा | धनुषा गोविन्दपुर | ६ख | १३० | ०-०-११-० | राम सुनैर देवी साह तेली |
| धनुषा | धनुषा गोविन्दपुर | ६क | ९४७ | ०-०-४-८ | राम सुनैर देवी साह तेली |

## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, जनकपुरका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०५/३१ गते बुधबारको जनकपुर टुड राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.)को तपसिलमा उल्लेखित ऋणीले लिनुभएको विभिन्न शिर्षक अन्तरगतको ऋण कर्जा रकम चुक्ता भुक्तान गर्ने समयवधी समाप्त भईसक्दा पनि बैंकसँग गर्नुभएको सम्झौता बमोजिम कर्जा चुक्ता फछ्र्यौट नगर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको **शाखा कार्यालय जनकपुर**मा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति गते २०८३/०७/११ बुधबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको **शाखा कार्यलय जनकपुर**मा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

**ऋणी :** नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, जनकपुर धनुषामा प्राईभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम मिति २०७२/१२/२१ मा दर्ता भई प्रा.फ.र.नं. ४१३६/०७२/०७३ मा दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०७३/०१/०८ (मु.अ.क. दर्ता मिति २०७३/०१/०८) मा करदाताको नाम श्याम सुन्दर महतो कारोवारको नाम जित हार्डवेयर भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०४०७६९३५ को प्रमाणपत्र प्राप्त **श्री जित हार्डवेयर** ।

**फर्मको ठेगाना :** धनुषा जिल्ला मिथिला नगरपालिका, वडा नं. ६ ।

**प्रोप्राइटर तथा जमानतकर्ता : श्याम सुन्दर महतो**, (ना.प्र.नं. १७-०१-७१-०१२९१, जारी मिति २०७१/०६/१०, प्रतिलिपि जारी मिति २०७१/१०/१०, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ८ (साविक बेंगाडावर गा.वि.स., वडा नं. २) ।
बाबु: राम उदगार महतो कोईरी । बाजे: राम स्वरुप महतो ।

**जमानतकर्ता : राम उदगार महतो कोइरी** (ना.प्र.नं. १७१११८३२१२, जारी मिति २०३४/०४/१६, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ८ (साविक बेंगाडावर गा.वि.स., वडा नं. २) ।
बाबु : राम स्वरुप महतो ।
बाजे : दरबारी महतो ।

**जमानतकर्ता : शिव कुमारी महतो** (ना.प्र.नं. १७३० ९७/३९७, जारी मिति २०६३/१०/२१, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ८ (साविक बेंगाडावर गा.वि.स., वडा नं. २) ।
बाबु : राम चलितर महतो ।
पति : राम उदगार महतो ।
ससुरा: राम स्वरुप महतो ।

**जमानतकर्ता : दुर्गी देवी कोईरिन** (ना.प्र.नं. १७१११८४८०५, जारी मिति २०४६/१०/२८, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा ) ।
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा., वडा नं. ८ (साविक बेंगाडावर गा.वि.स., वडा नं. २) ।
बाबु: बलदेव महतो कोईरी
पति : राम उदगार महतो ।
ससुरा: राम स्वरुप महतो ।

**जमानतकर्ता : सुमित कुमार महतो** (ना.प्र.नं. १७-०१-७८-०३६१९, जारी मिति २०७८/०५/०२, जारी गर्ने कार्यालय जि.प्र.का. धनुषा) ।
ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. ८ ।
बाबु : राम उदगार महतो कोईरी ।
बाजे : राम स्वरुप महतो ।

**ख. धितो लिलाम बिक्रीका लागि रहेको सम्पत्तिको विवरण** :
१. **राम उदगार महतो कोइरी**को नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला बेंगाडावर गा.वि.स. वडा नं. २, नक्सा सिट नं. २ख, स्थित कित्ता नं. १५७, २१८ र ७८ क्षेत्रफल क्रमस : ०-८-१३-०, ०-१२-१२-० र ०-३-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत .....१
२.ऋणी **श्री जित हार्डवेयर**को स्वमित्वमा रहेको चालु सम्पतिहरु उपर हाइपोथिकेसन सुरक्षण...........१

**पुनश्च :**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा शाखा कार्यालय जनकपुर**बाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको **प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुर**मा सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय: बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. ०१-५७१९०००**

# बाढीमा बेपताहरुको शव पहिचानका लागि डिएनए स्कंलन




**टुडे समाचारदाता**

राजविराज । रसुवाको भोटेकोशीसहित विभिन्न नदी क्षेत्रमा आएको बाढीपहिरोमा परी सम्पर्कविहीन रहेका सप्तरीका व्यक्तिहरुको पहिचानका लागि उनीहरूका नजिकका आफन्तबाट डीएनए (आनुवंशिक पहिचान) परीक्षणका लागि रगतको नमुना संकलन गरिएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक हेमराज घिमिरेका अनुसार भोटेकोशी बाढीपहिरोमा सप्तरीका ५५ जना सम्पर्कविहीन भएको विवरण प्राप्त भएको थियो। तीमध्ये चार जना जीवित फेला परेका छन् भने एक जनाको शव फेला परेको छ।

बाँकी ४७ जना अझै सम्पर्कविहीन रहेको र ती सम्पर्कविहीन व्यक्तिको सम्भावित शव फेला परेमा वैज्ञानिक विधिबाट पहिचान गर्न सहज होस् भन्ने उद्देश्यले उनीहरूका नजिकका आफन्तबाट डीएनए नमुना संकलन गरिएको हो । राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा आफन्तहरूको रगतको नमुना संकलन गरी राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, काठमाडौँ पठाइसकिएको प्रहरी नायव उपरीक्षक घिमिरेले बताए।

डीएनए परीक्षणका लागि सामान्यतया सम्पर्कविहीन व्यक्तिका आमा, बुबा, छोराछोरी, दाजुभाइ वा दिदीबहिनी तथा अन्य नजिकका जैविक आफन्तबाट नमुना संकलन गरिएको गजेन्द्रनारायण सिंह अस्पतालका निमित मेडिकल सुपरिटेन्डेन्ट डा. रणजितकुमार झाले जानकारी दिएका छन् । पहिलो चरणमा ३९ जना जैविक आफन्तको रगत नमूना सङ्कलन गरेर पठाइसकेको उहाँले जानकारी दिए।

बाँकीको नमूना सङ्कलन गरेर प्रयोगशालामा पठाउनको लागि तयारी अवस्थामा रहेको उनले बताए। यसरी आफन्तको डीएनए नमुनालाई सम्भावित शव वा अज्ञात व्यक्तिबाट प्राप्त जैविक नमुनासँग तुलना गरी पहिचान गर्न सकिन्छ।

बाढीपहिरोजस्ता विपत्तिमा शवको अवस्था बिग्रिएको वा अनुहारबाट पहिचान गर्न नसकिने अवस्थामा डीएनए परीक्षण महत्वपूर्ण वैज्ञानिक प्रमाण बन्ने गर्छ । आफन्तबाट पहिले नै डीएनए नमुना संकलन गरी राख्दा पछि फेला पर्ने अज्ञात शवसँग तुलना गरेर सम्बन्धित परिवारको सदस्य भए/नभएको यकिन गर्न सहयोग पुग्ने बताइएको छ।

# महँगाईविरुद्ध आन्दोलनको घोषणा

मोर्चाले मंगलवार एक प्रेस विज्ञप्ति जारी गरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि तत्काल फिर्ता लिनुपर्ने, अत्यावश्यक वस्तुको सहज आपूर्ति तथा महँगाई नियमन्त्रणसहित आपूर्ति व्यवस्थामा देखिएका समस्या समाधान गर्नुपर्ने माग गरेका छन ।



**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश केन्द्रित दलहरुद्वारा गठित अग्रगामी मोर्चाका युवा संगठनले पेट्रोलियम पदार्थसहित अत्यावश्यक वस्तुको महँगाईविरुद्ध आन्दोलनको घोषणा गरेका छन्।

मोर्चाले मंगलवार एक प्रेस विज्ञप्ति जारी गरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि तत्काल फिर्ता लिनुपर्ने, अत्यावश्यक वस्तुको सहज आपूर्ति तथा महँगाई नियमन्त्रणसहित आपूर्ति व्यवस्थामा देखिएका समस्या समाधान गर्नुपर्ने माग गरेका छ्न।

माग सम्बोधन नभए आगामी असोज ६ गते नेपाल आयल निगमको केन्द्रीय कार्यालय घेराउ गर्ने मोर्चाले विज्ञप्तिमार्फत चेतावनी दिएका छन् । मोर्चाले देशमा बढ्दो मूल्यवृद्धि, कालोबजारी, सरकारी सेवा प्रवाहमा ढिलासुस्ती तथा भ्रष्टाचारप्रति सरकारको ध्यानाकर्षण गराएको छ।

नागरिकका आधारभूत समस्याप्रति संघ, प्रदेश र स्थानीय सरकार उदासीन बनेको आरोप लगाउँदै मोर्चाले माग पूरा नभए देशव्यापी रूपमा थप सशक्त आन्दोलन गर्ने चेतावनी दिएको छ।

सरकारी निकायमा बढ्दै गएको भ्रष्टाचार, अनियमितता र प्रशासनिक ढिलासुस्ती अन्त्य गरी पारदर्शिता र सुशासन कायम गर्न पनि मोर्चाले सरकारसँग माग गरेको छ।

बजारमा अत्यावश्यक वस्तुको अभाव, कालोबजारी र मूल्यवृद्धि बढिरहेको भन्दै तत्काल प्रभावकारी बजार अनुगमन गरी मूल्य नियन्त्रण गर्न तथा दैनिक उपभोग्य वस्तुको सहज आपूर्ति सुनिश्चित गर्न मोर्चाले आग्रह गरेको छ।

# सेफ्टी ट्याँकमा हत्या गरी शव फालिएको घटनामा चारजना पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । अनैतिक प्रेम सम्बन्धको कारण महोत्तरीमा एक युवकलाई हत्या गरी सेफ्टी टयाँकमा लुकाएको घटनामा प्रहरीले चार जनालाई पक्राउ गरेको छ।

जिल्लाको भंगहा नगरपालिका वडा नं. ६ बस्ने वर्ष २२ को विवेक कुमार सरदारलाई अनैतिक प्रेम सम्बन्धको कारणले महोत्तरीको घर बोलाएर हत्या गरि शवलाई टुक्रा-टुक्रा पारि शौचालयको सेफ्टी ट्यांकमा लुकाइएको अवस्थामा प्रहरीले चार जनालाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार पक्राउ पर्नेहरुमा बलवा नगरपालिका वडा नं. ७ बनौटा बस्ने वर्ष ५८ को अशोक कुमार ठाकुर, उनकी श्रीमती वर्ष ५० की रामकली देवी, बुहारी वर्ष २२ की सोनु कुमारी ठाकुर तथा महोत्तरी गाउँपालिका वडा नं. ५ बस्ने वर्ष २८ को सियाराम शर्मा रहेका छन्।

सोही घटनामा अशोक कुमार ठाकुरका छोरा जितेन्द्र कुमार ठाकुर भने फरार रहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ।

जिप्रका महोत्तरीका सूचना अधिकारी इन्सपेक्टर विश्वम्भरनाथ साहका अनुसार मृतक विवेक कुमार सरदारभदौ१५गतेजलेश्वरनगरपालिका वडां नं. ११ पिगौनास्थित दिदीको घरबाट बा ३१ प ६१३८ नम्बरको मोटरसाइकल चढेर भंगहास्थित घर जाने क्रममा बाटोबाटै हराएको भनि भदौ १६ गते घरपरिवारले जिल्ला प्रहरी कार्यालयमा निवेदन दिएको थियो।

सोही दिनदेखि खोजतलास तथा अनुसन्धानपछि भदौ २६ गते शव विभित्स रुपमा शौचालयको सेफ्टी टयाँकमा फेला परेपछि घटना बारे गम्भीर रुपमा अनुसन्धान थालिएको छ।

सिसिटिभी फोटो तथा टेक्निकल एनालाइसिसपछि विवेक बलवा नगरपालिका ७ बनौटाबाट हराएको देखिएपछि थप अनुसन्धान गर्दै जाँदा प्रहरीले बलवा नगरपालिका-७ बनौटा निवासी अशोक कुमार ठाकुरको घर पछाडि रहेको सेफ्टी ट्यांकीभित्र टुक्रा-टुक्रा पारिएको अवस्थामा भदौ २६ गते विवेकको शव फेला पारेको थियो ।

सो घटनामा पक्राउ परेका अशोक कुमार ठाकुरका बुहारी तथा जितेन्द्र कुमार ठाकुरकी श्रीमती सोनु कुमार ीसँग मृतक विवेकको प्रेम सम्बन्ध रहेको र सोही कारण योजनावद्धरुपमा उनलाई घर बोलाएर हत्या गरि धारिलो हतियारले शवलाई टुक्रा टुक्रा पारि प्रमाण मेटाउन शौचालयको सेफ्टी टयाँकमा राखेर माथिबाट सिमेन्ट बालुवा राखेर प्लास्टर गरिएको थियो।

इन्सपेक्टर साहले थप अनुसन्धानको लागि जिल्ला अदालत महोत्तरीबाट सात दिन म्याद समेत थप गरिएको जानकारी दिएका छन् । अनैतिक प्रेम सम्बन्धका परिणाम यस्तोसम्मको क्रुर र भयावह अवस्था आउँछ भन्ने विवेक यादवको हत्या घटनाको यो उदाहरणले देखाउँछ।

# सप्तरीका एक युवकलाई प्रहरीले घरबाटै उठाएर लगियो

**टुडे समाचारदाता**

राजविराज। सप्तरीको बलान बिहुल गाउँपालिका-४ बेल्हीबाट एक २४ वर्षीय युवकलाई अपहरण शैलीमा घरबाटै उठाएर लगिएको घटना बाहिरिएको छ।

सोमबार राति करिब १२ बजेतिर घरमा सुतिरहेका अभिनन्दन यादवलाई नचिनेका हतियारधारी व्यक्तिहरूको समूहले जबर्जस्ती उठाएर लगेको परिवारिक श्रोतले जनाएको छ। युवकलाई लैजाने क्रममा परिवारका केही सदस्यलाई कुटपिट गरी घाइते समेत गरिएको अभिनन्दनका बुवा विनोद यादवले बताएका छन्।

घटनालगत्तै नेपाल प्रहरीलाई जानकारी गराए पनि प्रहरीले पर्याप्त चासो नदिएको पिडीत परिवारको आरोप छ । मध्यराति घरबाटै युवकलाई उठाएर लगिएको विषयमा स्थानीयस्तरमा समेत चासो बढेपछि त्रासको वातावरण बनेको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रमुख प्रहरी उपरीक्षक रूपक खड्काका अनुसार अभिनन्दन यादव अहिले भारतीय प्रहरीको नियन्त्रणमा रहेको अनुसन्धानमा खुलेको छ।

भारतीय प्रहरीबाट प्राप्त जानकारीअनुसार अभिनन्दन भारतको गुडगाउँमा भएको एक हत्या घटनाको अनुसन्धानका क्रममा पक्राउ परेका व्यक्ति हुन्। सोही घटनासँग सम्बन्धित अनुसन्धानका लागि उनलाई नियन्त्रणमा लिएर भारत लगिएको भारतीय पक्षले जनाएको छ।

भारतीय प्रहरीका अनुसार अभिनन्दनसँग भारतीय आधार कार्डसमेत रहेको दाबी गरिएको छ । यद्यपि, उनलाई नेपालबाट भारत लैजाने क्रममा अपनाइएको प्रक्रिया र घटनाको विस्तृत विवरणबारे भने थप तथ्य सार्वजनिक हुन बाँकी छ।

यसैबीच, युवकलाई घरबाटै मध्यराति उठाएर लगिएको घटनाको विरोधमा स्थानीयवासीले बेल्ही प्रहरी चौकीअगाडि प्रदर्शन गरेका छन् । उनीहरूले घटनाको छानबिन गरी वास्तविकता सार्वजनिक गर्न र युवकलाई नेपाल ल्याउन पहल गर्न माग गरेका छन्।

# दुई महिनामै ४५ थान मोबाइल बरामद




**टुडे समाचारदाता**

रौतहट । रौतहटको इलाका प्रहरी कार्यालय गरुडाले प्रविधिको प्रयोगमार्फत छोटो समयमै ४५ थान मोबाइल बरामद गरी सम्बन्धित धनीलाई फिर्ता गरेको छ।

चालु आर्थिक वर्ष २०८२/८३ को साउन १ गतेदेखि भदौ २७ गतेसम्म विभिन्न स्थानबाट हराएका मोबाइलसम्बन्धी परेको निवेदनका आधारमा प्रहरीले खोजी अभियान सञ्चालन गरेको थियो।

त्यसक्रममा विभिन्न कम्पनीका ४५ थान मोबाइल फेला पारेर आवश्यक कानुनी प्रक्रिया पूरा गरी वास्तविक धनीलाई बुझाइएको इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख डीएसपी शंकर प्रसाद आचार्यले जानकारी दिएका छन्।

प्रहरीले मोबाइल खोजीका क्रममा आईएमईआई ट्र्याकिङ, डिजिटल सूचना विश्लेषण, प्राविधिक अनुसन्धान तथा अन्तर-प्रहरी कार्यालय समन्वयलाई प्रयोग गरेको जनाएको छ।

मोबाइल हराउनु सामान्य भौतिक क्षति मात्र होइन। अहिले मोबाइलमै बैंकिङ कारोबार, सामाजिक सञ्जाल, व्यक्तिगत फोटो तथा कागजातदेखि विभिन्न संवेदनशील विवरणसमेत सुरक्षित हुने भएकाले मोबाइल हराउँदा त्यसको दुरुपयोगको जोखिम पनि उत्तिकै हुन्छ।

त्यसैले हराएका मोबाइल फेला पारेर सम्बन्धित धनीलाई फिर्ता गर्नु प्रहरीले एउटा उपकरण बरामद गरेको विषयमा मात्र सीमित छैन । यसले नागरिकको व्यक्तिगत तथा डिजिटल सुरक्षासँग जोडिएको जिम्मेवारीसमेत पूरा गरेको देखिन्छ।

भारतसँग सीमा जोडिएको रौतहटमा हराएका मोबाइल सीमापार पुग्ने, अन्य व्यक्तिले प्रयोग गर्ने वा पुनः बिक्री हुने सम्भावना रहने भएकाले यस्ता घटनाको अनुसन्धान सहज मानिँदैन । यस्तो अवस्थामा प्रविधिको प्रयोगसँगै विभिन्न प्रहरी कार्यालयबीचको समन्वय महत्वपूर्ण हुन्छ।

गरुडा प्रहरीले दुई महिनामै ४५ मोबाइल फेला पार्नुले हराएका सामानको खोजीमा परम्परागत अनुसन्धानसँगै प्रविधिको प्रयोग प्रभावकारी बन्न सक्ने देखाएको छ।

डीएसपी आचार्यको नेतृत्वमा प्रहरीले शान्ति-सुरक्षा, अपराध नियन्त्रण तथा जनमैत्री सेवा प्रवाहसँगै प्रविधिमैत्री अनुसन्धानलाई प्राथमिकता दिएको जनाएको छ । मोबाइल खोजीको पछिल्लो परिणाम त्यसैको एउटा उदाहरणका रूपमा देखिएको छ।

प्रहरीले मोबाइल हराएलगत्तै नजिकको प्रहरी कार्यालयमा निवेदन दिन, आईएमईआई नम्बर तथा खरिद बिल सुरक्षित राख्न नागरिकलाई आग्रह गरेको छ। समयमै विवरण उपलब्ध भए मोबाइलको खोजी र वास्तविक धनी पहिचान गर्न सहज हुने प्रहरीको भनाइ छ।

# घुससहित अमिन पक्राउ

**टुडे समाचारदाता**

बर्दिबास। महोत्तरीको बर्दिबासस्थित नापी कार्यालयबाट एक लाख रुपैया घुससहित एक नापी सर्भेक्षक (अमिन) पक्राउ परेका छन् । मंगलवारअख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय बर्दिबासको टोलीले नापी सर्भेक्षक शिवकुमार साहलाई घुस रकमसहित रंगेहात पक्राउ गरेको हो। जग्गा ट्रायलका लागि निवेदन दिएका सेवाग्राहीसँग लामो समयदेखि घुस रकमका लागि बार्गेनिङ भइरहेको सूचनाका आधारमा अख्तियारको टोलीले निगरानी बढाएको थियो।

अपराह्न करिब ४ बजे नापी कार्यालय अगाडिको एक खाजा घरमा सेवाग्राहीबाट एक लाख रुपैयाँ घुस लिँदै गर्दा साहलाई रंगेहात पक्राउ गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको क्षेत्रीय कार्यालय बर्दिबासका सूचना अधिकारी प्रकाश पोखरेलले बताएका छन्। उनका अनुसार साहलाई नियन्त्रणमा लिएर स्थलगत मुचुल्कालगायतका कानुनी प्रक्रियाको काम अघि बढाइएको छ।

# ढल्केवरमा एक महिलाको मृत फेला परिन्

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको मिथिला नगरपालिका-७ ढल्केवरमा एक २७ वर्षीया महिला मृत फेला परेकी छिन्।

प्रहरीका अनुसार घरकै प्यासेजमा महिला मृत फेला परेकी हुन्। घटनाको प्रकृति शंकास्पद देखिएपछि प्रहरीले उनका श्रीमानलाई अनुसन्धानका लागि नियन्त्रणमा लिइएको धनुषा प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी ओमप्रकाश खनालले दिएको जानकारी अनुसार सोमवार राति करिब १०:५० बजे स्थानीय ३४ वर्षीय श्रवण महतोकी श्रीमती २७ वर्षीया पुनिता देवी महतो घरको प्यासेजमा मृत अवस्थामा फेला परेको प्रहरीलाई सूचना प्राप्त भएको थियो।

सूचना पाएलगत्तै इलाका प्रहरी कार्यालय ढल्केवरबाट प्रहरी निरीक्षक उदय शम्शेर जबराको नेतृत्वमा टोली घटनास्थल पुगेको थियो। प्रारम्भिक अनुसन्धानका क्रममा मृतकको घाँटीमा कसिएको जस्तो डाम देखिएपछि प्रहरीले घटनालाई शंकास्पद मानेको हो।

घटनाको अनुसन्धानका लागि मृतकका श्रीमान् श्रवण महतोलाई प्रहरीले नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी नायब उपरीक्षक एवं प्रवक्ता ओमप्रकाश खनालले जानकारी दिए।

महतोलाई इलाका प्रहरी कार्यालय ढल्केवरमा राखी घटनाको प्रकृति तथा मृत्युको कारणबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ। घटनाबारे थप तथ्य अनुसन्धानपछि खुल्ने प्रहरीले जनाएको छ।




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८